**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**
- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं ।
- समय-समयमा सवारीसाधनको मर्मतसम्भार गर्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

kirloskar Oil Engines




अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ असार २५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 09 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३११

# चिनीमिल सञ्चालन गर्ने सरकारको मनसाय छ -अध्ययन टोली

नितेश कर्ण, वीरगंज, २४ असार/

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव बाबूराम गौतमले सोही कार्यको लागि आएको प्रस्टचाए । उनले छिटोभन्दा छिटो रुग्ण उद्योग कसरी सञ्चालनमा ल्याउने भन्ने विषयमा हुन शुरू गरेपछि चिनी कारखाना घाटामा गएको र त्यसको सम्पूर्ण दोषको भागीदारी तत्कालीन सरकार भएको आफूहरूले सक्दो खर्च गरी संरक्षण गरेको दाबी गरे । उनले सरकारहरूले कारखाना सञ्चालन गर्ने कुरा मात्रै गरेको तर त्यसको लागि कुनै क्रियाकलाप अगाडि नबढाएको र अहिलेको सरकारले बजेटमार्फत केही आशा देखाएको भएपनि सञ्चालनतर्फ सन्देश मात्र व्यक्त गरेको बताए ।

कारखानामा अहिले ११ जना चौकीदार र तीनजना प्रशासनिक गरी चौधजना कर्मचारी कार्यरत रहेको सिंहले जानकारी गराए । अन्य पूर्वकर्मचारीहरूले अहिले पनि कारखाना सञ्चालन हुन सक्ने दाबी गरे । उनीहरूले सबैखाले पूर्वाधार रहेको र कारखाना सञ्चालन गर्ने सरकारको मनसाय भएमा सञ्चालन हुन सक्ने बताए ।



पत्रकार सम्मेलनमा अध्ययन टोली, कारखानाका कर्मचारीहरू र वीचिकालीको हालको अवस्था । तस्वीरः प्रतीक

वीरगंज चिनी कारखाना सञ्चालन गर्ने सरकारको मनसाय रहेको बताएका छन् ।

वीरगंज चिनी कारखानाको स्थलगत अवलोकन गर्न अर्थ मन्त्रालयका उपसचिव गगनबहादुर विकसहितको टोलीसँग शुक्रवार वीरगंज आएका गौतमले चिनी कारखानामा पत्रकारहरूसँग सङ्क्षिप्त कुराकानी गर्दै वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना र हेटौंडा कपडा उद्योग सञ्चालनतर्फ वर्तमान सरकार अग्रसर भएको बताए । उनले आफ्नो टोलीले अध्ययन गर्ने र प्रतिवेदन बुझाएपछि सोको आधारमा प्राविधिक टोलीले अवलोकन गर्ने बताए ।

उनले अर्थ मन्त्रालयले चालू आवमा राष्ट्रिय महत्त्वका तीनवटा रुग्ण उद्योग सञ्चालनतर्फ चासो देखाएकाले आफूहरू अध्ययन, अनुसन्धान भइरहेको र सोही क्रममा आफूहरूले भ्रमण गरेको बताए ।

अर्थ मन्त्रालयका उपसचिव गगनबहादुर विकले वीचिकालिको गौरवमय इतिहास रहेको र सरकारले यसको संरक्षण गर्नुपर्ने बताए । टोलीमा कोलेनिका, पर्साका प्रमुख रुद्र कार्कीको पनि सहभागिता थियो । आज सहसचिव र उपसचिवको टोली अध्ययनका लागि वीचिकालि आउने भनिएपछि पूर्व र वर्तमान कर्मचारीहरू कारखानामा आएका थिए । पूर्वकर्मचारी एवं वीचिकालि सङ्घर्ष समितिका अध्यक्ष जयनाथ महतोले तत्कालीन सरकारको अदूरदर्शिताका कारण चिनी कारखाना बन्द भएको बताए । उनले २०५१ सालदेखि राजनीतिक नियुक्तिमा महाप्रबन्धक बहाल आरोप लगाए ।

कारखाना बन्द हुनुमा कर्मचारीहरूको कुनै दोष नभएको उनले जिकिर गरे । कारखानाको आम्दानी मन्त्रीहरूसम्म पुऱ्याइएको र कारखाना बन्द गरिंदा पनि तीन करोड मौज्दात रहेको र सोबाट कारखाना सञ्चालन गर्न अग्रसर भएको तर जबरजस्ती बन्द गरिएको बताए ।

कारखानामा हाल करारमा बहाल रहेका प्रशासनिक प्रमुख ईश्वर सिंहले सरकारले कारखाना बन्द गरे पनि मरम्मत सम्भारको लागि एक पैसा नपठाएको बताए । उनले सरकारको उदासीनताको कारण कारखानामा भएका टर्बाइन, बोइलरलगायतका महँगा यन्त्रहरू संरक्षण अभावमा रहे पनि

# ठोरीमा भुक्तानी लिनेहरू ह्वात्तै घटे

प्रस, ठोरी, २४ असार/

अघिल्लो वर्ष असार मसान्तसम्म योजनाको भुक्तानी माग गर्न आउने सेवाग्राहीका कारण भीड हुने ठोरी गाउँपालिका कार्यालय यस वर्ष सुनसान भएको छ ।



तस्वीरः प्रतीक

दैनिक सेवा लिन आउने सेवाग्राहीबाहेक भुक्तानी लिन आउने सेवाग्राहीको सङ्ख्या स्थानीय तह

(बाँकी अन्तिम पातामा)

# भारतबाट नेपाल माछा तस्करी

प्रस, रक्सौल, २४ असार/

खुला सीमाको कारण नेपालबाट भारत र भारतबाट नेपालमा तस्करी सवारीसाधनमार्फत पठाउने गरिन्छ । रक्सौल र वीरगंज दुवै ठाउँमा तस्करहरूको सामानहरू सञ्चय गर्ने काठमाडौं पुऱ्याउने गरिन्छ । माछाको निकासीमा राजस्व छलीको ठूलो अंश रहेको छ । पहिले कारोबारीहरूले मूल



चोर नाकाबाट भारतबाट नेपालतर्फ माछा तस्करी गर्दै । तस्वीरः प्रतीक

हुनु नौलो होइन । सीमा सुरक्षाका लागि दुवै देशले सुरक्षाकर्मीहरू तैनाथ गरेका छन् तर दुवै देशका सुरक्षाकर्मीहरू तस्करी नियन्त्रण गर्ने सवालमा कमजोर साबित भएका छन् ।

रक्सौलबाट वीरगंज र वीरगंजबाट रक्सौल घरायसी सामानहरूको आवतजावतमा सुरक्षाकर्मीहरूले नजरअन्दाज गर्दै आएका छन् । घरेलु सामानहरू मूल नाकाबाट आउने गरेको छ । सुरक्षाकर्मीहरूले नियमितरूपमा कारोबार गर्नेहरूलाई चिनिरहेका हुन्छन् र उनीहरूसँग सेटिङ पनि हुने गरेको आरोप छ । मूल नाकाबाट हुने तस्करी नियन्त्रण गर्ने सवालमा अलि कडाइ गर्ने, अन्य नाकाहरूबाट भने खुलारूपमा तस्करी हुने गरे पनि सुरक्षाकर्मीहरू मूकदर्शक हुनु आर्थिक प्रलोभन भएको स्थानीयको आरोप छ ।

खुला सीमाबाट मानिसहरू लगाएर साइकल, मोटरसाइकलबाट तस्करीका सामानहरू ढुवानी हुने गरेको छ । रक्सौलबाट वीरगंज र वीरगंजबाट रक्सौल यी सामानहरू ढुवानी गरेर गन्तव्यमा पुऱ्याउने र त्यहाँबाट गोदाम छन्, जसको खबर प्रहरीलाई नभएको होइन तर प्रहरी आर्थिक प्रलोभनमा परी यस्ता कामलाई बेवास्ता गर्दै आएको छ ।

माथिल्लो तहबाट तस्करी नियन्त्रणको लागि दबाब आएपछि देखाउनको लागि मालसामानहरू बरामद गर्ने गरिन्छ । यसको अलावा तस्करहरूबीचको झगडाको फाइदा उठाएर एक पक्षलाई बलियो बनाउने र अर्को पक्षलाई कमजोर बनाउने कार्यमा सुरक्षाकर्मीहरूले सघाउने गरेका छन् । कम पैसा दिने अथवा नदिनेहरूलाई कारोबार गर्न रोक लगाउने र त्यस्ताको मात्र सामान समात्ने गरेको पाइन्छ ।

अहिले रक्सौलबाट ठूलो परिमाणमा माछा तस्करी भइरहेको छ । सीमासँग जोडिएका बारा र पर्सा माछाका लागि आत्मनिर्भर छन् तर रक्सौलको लागि भारतका विभिन्न स्थानबाट माछा मगाउने र खुला सीमाको फाइदा उठाउँदै दुवै देशका सुरक्षाकर्मीहरूलाई मिलाएर वीरगंज पठाउने र वीरगंजबाट नेपालका विभिन्न स्थानमा पुऱ्याइन्छ ।

खासगरी भारतबाट आएको माछा नाकाबाटै माछाको कारोबार गर्दथे तर अहिले खुला सीमाबाट सुरक्षाकर्मीहरूलाई मिलाएर कारोबार गर्दै आएको स्रोतले जनाएको छ ।

यसैगरी, भारतबाट कपडा, विद्युतीय सामग्री, कृषिजन्य सामान, सर्टिङ-सुटिङ, साडी, कस्मेटिक सामानहरू निर्वाधरूपमा वीरगंज ल्याइन्छ । यस्तै, वीरगंजबाट कबाड सामान, सुपारी, मरीच, ल्वाङ, केराउ, फुजी स्याउ आदि रक्सौल पठाउने गरिन्छ ।

दुवैतर्फ हुने यसखाले तस्करीबाट ठूलो परिमाणमा लागूऔषधको कारोबार पनि हुने गरेको छ । नेपालबाट गाँजा, चरेस र रक्सौलबाट लागूऔषध हेरोइन, ब्राउनसुगर, प्रतिबन्धित औषधि यही माध्यमबाट ल्याउने लैजाने गरिएको छ । बेलाबखत एसएसबी र सशस्त्र प्रहरीले यस्ता सामानहरू समात्ने गरेको प्रमाण प्रशस्त छन् । खुला सीमाको कारण खाद्यान्नलाई दुवै देशका सुरक्षाकर्मीहरूले नजरअन्दाज गर्छन् तर त्यसको नाममा चेकजाँच नहुँदा अन्य सामानहरू तस्करहरूले यताउता पुऱ्याएर फाइदा उठाउने गरेका छन् ।

## अधिकारीद्वय रौतहटमा सम्मानित

# बज्जिका भाषा र मिडिया पुस्तक लोकार्पित

प्रस, गरुडा, २४ असार/

बज्जिका भाषा र साहित्यको लागि रौतहटमा क्रियाशील बज्जिका साहित्य सङ्गम रौतहटको पचासौं साहित्य गोष्ठीको अवसरमा दुई प्रतिभालाई सम्मानित गरिएको छ । यसैगरी, दुईजनाको संयुक्त कृति बज्जिका भाषा र मिडियाको पनि लोकार्पण गरिएको छ ।

रौतहटको गरुडा नगरपालिकास्थित नगरसभा कक्षमा नगरप्रमुख कन्थमणिप्रसाद कलवारले बज्जिका साहित्यकार विश्वराज अधिकारीलाई तुलसी साहित्य पुरस्कार र बज्जिका अनुसन्धानकर्मी गिरिजा अधिकारीलाई सङ्गम सम्मान २०७९ बाट सम्मानित गरिएको थियो ।

यसैगरी, नगरप्रमुख कलवारले सञ्जय साह मित्र र गिरिजा अधिकारीको संयुक्त अनुसन्धानात्मक कृति बज्जिका भाषा र मिडियाको संयुक्त लोकार्पण गरेका थिए ।

नगरप्रमुख कलवारसँगै पूर्व जिल्ला शिक्षा अधिकारी बालदेवप्रसाद साह, सर्लाहीका साहित्यकार रामचन्द्र महतो कुशवाहा, अमेरिकी लेखक विश्वराज अधिकारी र बिन्दा साहनीले कृतिको संयुक्त लोकार्पण गरेका थिए ।

नगरप्रमुख कलवारले बज्जिका भाषा

तस्वीरः प्रतीक




र साहित्यको क्षेत्रमा निकै प्रगति भएको बताउँदै नगरपालिकाको तर्फबाट आफूले निरन्तर सहयोग गरिरहने बताएका छन् । बज्जिका भाषाको क्षेत्रमा हरेक दिन केही न केही कार्यक्रम भइरहेको देखेर आफूलाई खुशी लागेको बताउँदै नगरप्रमुख कलवारले बज्जिका भाषासँगै संस्कृतिको पनि विकास भइरहेको स्पष्ट पारेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व जिल्ला शिक्षा अधिकारी बालदेव साहले बज्जिका भाषा र साहित्यको विकासका लागि अक्षयकोषमा पचास हजार रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

गरुडाका समाजसेवी धर्मनाथप्रसाद जयसवालले स्थापना गरेको डेढ लाख रुपैयाँको अक्षयकोषबाट सञ्चालनमा रहेको तुलसी साहित्य पुरस्कार प्राप्त गरेपछि अमेरिकी लेखक विश्वराज अधिकारीले आफूले बज्जिकाको अर्को कृति पनि लेख्ने घोषणा गरेका थिए । बज्जिका भाषामा अधिकारीका दुई कृति

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**दुष्टको मुख कठोर हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# प्रहरीको मनोबल नगिरोस्

**घूससहित पक्राउ परेका सबइन्जिनीयरलाई पर्सा प्रहरीले मुद्दा चलाएको छ । सेवाग्राहीसँग घूस लिंदै गरेको अवस्थामा एक लाख सत्तरी हजार नगदसहित प्रादेशिक शहरी विकास तथा भवन निर्माण कार्यालयका सबइन्जिनीयरलाई प्रहरीले पक्राउ गरी ठगी तथा आर्थिक लाभ मुद्दा चलाएको छ । सबडिभिजन वन कार्यालयको भवन निर्माणको अनुगमन तथा बिल पास गर्न सबइन्जिनीयरले घूस रकम मागेपछि प्रहरीले सुराक पाएर पक्राउ गरेको थियो । दसीसहित पक्राउ परेको व्यक्तिलाई प्रहरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बुझाउन चाहेको थियो । तर अख्तियारका अधिकारीहरूले नै उक्त मुद्दा प्रहरीले चलाउँदा उपयुक्त हुने सुझाव दियो । पक्राउ परेका व्यक्तिलाई जिल्ला अदालत, पर्साबाट सात दिनको म्याद थप गरेर प्रहरीले अनुसन्धान अगाडि बढाएको छ ।**

**घटनाले नागरिकको मनोबल बढेको छ भने प्रहरीको मनोबल घट्ला कि भन्ने चिन्तो छ । कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अधिकार दुरुपयोग गरेको सम्बन्धमा कानूनबमोजिम अनुसन्धान गर्ने वा गराउने संवैधानिक जिम्मेवारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हो । अनुसन्धान गर्दा सार्वजनिक पद धारण गरेका कुनै व्यक्तिले भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर विशेष अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ । कारबाई तथा फैसला प्रमाणको आधारमा हुने हो । यसको निम्ति अख्तियारको मेहनत, लखनशीलता, दक्षता साथै नागरिक र सम्बद्ध सरकारी निकायहरूको इमानदारीपूर्ण सहयोगको खाँचो पर्छ । अख्तियारको कारबाईमा नेपाल प्रहरी अभिन्न अङ्ग जस्तै भूमिकामा छ । आयोगको काम पक्राउ गर्नु र मुद्दा दायर गर्नु मात्रै होइन । अपराध हुनै नदिन निरोधात्मक उपायहरूको खोजी, अनुसन्धान र प्रक्रिया विकास तथा त्यससम्बन्धी जानकारी अभिवृद्धि गर्न आवश्यक प्रवर्द्धनात्मक कार्यहरू गर्नु पनि हो । नेपाल सरकारका निकायहरू र हरेक नागरिक एवं सेवाग्राही अख्तियार दुरुपयोगविरुद्ध परिचालित भइदिने हो भने आयोगको लक्ष्य र उद्देश्य सहजै प्राप्ति हुनेछ । त्यसको निम्ति सहयोगी पक्षको मनोबल उच्च गराउन प्रोत्साहन जरुरी छ ।**

**प्रहरीले पक्राउ गरेको दोषीलाई प्रमाणको आधारमा कारबाईको निम्ति अख्तियारले जिम्मा लिइदिएको भए राम्रो हुने थियो । यसको निम्ति जिल्ला प्रहरी कार्यालय जाहेरीकर्ता बनेर अख्तियारमा जाहेरी गर्ने र सो जाहेरीउपर अख्तियारले तहकिकात गरी मुद्दा अगाडि बढ्नुपर्थ्यो । अख्तियारले उपयुक्त ठानेमा विशेष अदालतमा मुद्दा दायर गर्ने थियो । कतिपय घटनामा तत्कालै नियन्त्रण नगरिए अपराधी उम्कने, प्रमाण लोप हुने अवस्थाहरू हुन्छन् । त्यस्तो अवस्थामा प्रहरी वा सर्वसाधारण जोसुकैले पनि प्रमाण सङ्कलन गरेको छ भने सो उपर अख्तियारले ध्यान मात्रै दिने हो भने पनि अपराधीको मनोबल खस्छ । अपराध गरेमा जोसुकैले पनि पक्राउ गर्न सक्छ भन्ने त्रास अपराधीमा हुनुपर्छ । प्रहरीले पक्राउ गर्दा मुद्दा पनि प्रहरीले नै चलाउनुपर्ने हो भने, त्यो झन्झटमा किन फस्ने ? भन्ने सोच प्रहरीमा पर्न सक्छ । धन्यवाद पाउनुपर्नेमा कामको बोझ थपिदिंदा प्रहरीको मनोबल घट्न सक्छ । जेहोस्, यस घटनाले सर्वसाधारणको मनोबल भने उच्च बनाएको छ । नागरिकको नजीकको सहयोगी प्रहरी हो । अधिकारको दुरुपयोग तथा भ्रष्टाचारविरुद्ध प्रहरीमा जानकारी गराए पनि [redacted] विकास हुने देखिन्छ ।**

# असल उत्पीडक छुट्याउन मतदान गर्नु मौलिक अधिकार होइन

स्वतन्त्र विचार



**बैधनाथ श्रमजीवी**
baidhnath2071@gmail.com

> **वास्तवमा विगत सयौं वर्षको इतिहासबाट प्रस्ट शिक्षा लिनैपर्दछ कि श्रमिक वर्ग र उत्पीडित समुदायले पूँजीपति वर्ग र उत्पीडक समुदायसँग प्रतिस्पर्धा गर्न नै सक्दैन । प्रजातान्त्रिक निर्वाचनलाई यसरी नबुझ्नु ऐतिहासिक भूल गर्नु हो ।**

संसारमा धेरै मानिस यस भ्रममा छन् कि निर्वाचन गर्न पाउनु प्रजातन्त्रको मूल विशेषता हो । वास्तवमा निर्वाचन एउटा यस्तो प्रक्रिया हो, जसको माध्यमले मूर्खहरूले विद्वान्माथि शासन गर्न पाउने तथाकथित वैधानिक अधिकार प्राप्त गर्दछ । खासगरी दक्षिण एशियाली देशहरूको सवालमा झन् निर्वाचन भनेपछि अति खर्चिलो तथा माफिया, दलालहरूको पकडभित्र रहेको राज्य प्रणालीलाई वैधानिकता दिनु तथा एउटा निश्चित अवधिसम्म लुटेर खानको लागि लाइसेन्स प्राप्त गर्नुसरह मात्र हो ।

जहाँसम्म नेपालको कुरा छ, सबैले जानेबुझेकै कुरा हो, एउटा वडाध्यक्ष पदमा जित्नको लागि लाखौं रुपैयाँ चाहिन्छ । अझै पालिकाहरूको प्रमुख जित्नको लागि करोडौं रुपैयाँ चाहिन्छ । करोडौं रुपैयाँ खर्च गर्न सक्ने हैसियतका उम्मेदवारहरूबीच कडा प्रतिस्पर्धा हुने गर्छ अनिमात्र कोही एकजना विभिन्न तिकडमको प्रयोग गरेर निर्वाचनमा विजयश्रीको ताज हात पार्छ । यसरी राजनीतिमा आमनिर्वाचन लड्नको लागि दलहरूसँग वा व्यक्तिहरूसँग करोडौं रुपैयाँ चाहिने भएपछि यस प्रकारको प्रतिस्पर्धाबाट कस्तो प्रकारको नतीजा निस्किन्छ ? देशले झेलिरहेको प्रमुख समस्याको सम्बोधन निर्वाचनमा जितेर आएका उम्मेदवारले गर्लान् ? उनीहरूसँग कुनै दीर्घकालीन दिगो योजना छ, जसले देशबाट पछौटेपन, गरीबी, अशिक्षा हटाओस् र विकासको स्पष्ट खाका सम्बोधन गर्न सक्ने प्रभावकारी योजना रहला ?

जहाँसम्म निर्वाचनलाई स्वतन्त्र र प्रजातान्त्रिक खुला प्रतिस्पर्धा भन्ने नामकरण गरिंदै आइएको छ, यो केवल भ्रम मात्रै हो । आमजनता जो गरीबीले त्राहिमाम छन्, तिनीहरूले आफूलाई गरीब बनाउने वर्ग वा तिनका प्रतिनिधिसँगको चुनावी प्रतिस्पर्धा कसरी गर्न सक्छन् ? बितेका कुनै पनि युगमा शोषक र शोषित वर्गबीच प्रतिस्पर्धा भएको आजसम्मको मानव इतिहासमा कतै उल्लेख छैन र यस्तो हुन पनि सक्दैन । श्रमिक वर्ग अर्थात् उत्पीडित समुदाय तथा पूँजीपति वर्ग अर्थात् उत्पीडक समुदायबीच राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा प्रतिस्पर्धाबाट श्रमिक वर्ग र उत्पीडित समुदायको मुक्ति प्रगति असम्भव छ । यसको प्रमुख कारण यो हो कि प्रत्येक शोषक वर्गको व्यवस्थामा आधारभूत वैचारिक प्रणाली, संयन्त्र तथा संस्कृतिको बागडोर शोषक वर्गले अरूलाई नदिने गरी कब्जा गरेको हुन्छ । जहाँ–जहाँ नाटकीय ढङ्गबाट शोषित वर्ग र उत्पीडित समूहलाई प्रतिस्पर्धा गर्न दिइएको हुन्छ, ती कुनै पनि आधारभूत क्षेत्र हुँदैनन् । बरु ती सबै क्षेत्र विद्यमान शोषक वर्ग र उत्पीडक समुदायको व्यवस्थालाई निरन्तरताका निम्ति फगत कथिएका भाग्यगत क्षेत्र मात्र हुन्छन् । त्यसैले त्यस्ता क्षेत्रहरूलाई शोषित वर्ग र उत्पीडित समुदायको कतिपय बेला देखिने धेरथोर सफलताले आधारभूतरूपमा विद्यमान शोषक वर्गकै व्यवस्थालाई थप मजबूत बनाउने काम पो गरिरहेको हुन्छ । यसर्थ यस भ्रमबाट श्रमिक, उत्पीडित वर्ग मुक्त हुन जरुरी छ कि निर्वाचनमा मत हाल्न पाउनु हाम्रो मौलिक अधिकार हो । विद्यमान ऐन, कानून र प्रचलन अनुसार भइरहेको निर्वाचनका सम्पूर्ण अभ्यासहरूले शोषणमुखी राजनीतिक प्रणाली, पूँजीवादी प्रणाली जो यतिबेला दलाल पूँजीवादमा रूपान्तरण भइसकेको छ, त्यसलाई थप बलियो बनाउने काम मात्र यो निर्वाचनले गर्दछ । यही कारण हो कि प्रत्येक पाँच वर्षमा निर्वाचन हुन्छ र त्यति बेला गाउँठाउँ बिर्सिएका कथित जनप्रतिनिधिहरू आमनागरिकको खुट्टासमेत ढोग्न आइपुग्छन् । रक्सी, मासु र नगद जिन्सीको बाढी नै आएको हुन्छ तर निर्वाचनको भोलिपल्टबाटै जनप्रतिनिधिहरू गाउँठाउँमा देखिन छाड्छन् र जनतासँग दिनहुँ प्रत्यक्ष भेटघाट महँगी, भ्रष्टाचार, बेरोजगारी तथा आर्थिक बेहालीसँग हुने गर्छ । यिनीहरूको मारमा चुनावपूर्व जनता जुन स्तरमा समस्याग्रस्त थिए, चुनावपश्चात् झन् बढी थेग्नै नसक्ने गरी उपभोक्ता समस्याहरूको चपेटमा पर्न थाल्छ । यो क्रम आवधिक निर्वाचनको नाममा संसदीय गोलचक्करभित्र दोहरिरहन्छ ।

वास्तवमा विगत सयौं वर्षको इतिहासबाट प्रस्ट शिक्षा लिनै पर्दछ कि श्रमिक वर्ग र उत्पीडित समुदायले पूँजीपति वर्ग र उत्पीडक समुदायसँग प्रतिस्पर्धा गर्न नै सक्दैन । प्रजातान्त्रिक निर्वाचनलाई यसरी नबुझ्नु ऐतिहासिक भूल गर्नु हो । बरु यसको ठीक उल्टो श्रमिक वर्ग र उत्पीडित समुदायले केवल पूँजीपति वर्ग एवं उत्पीडक समुदायसँग भौतिकरूपमा विद्रोह अर्थात् लडाइँ लड्न मात्र सक्छ । वर्ग सङ्घर्षमार्फत उनीहरू या त विजयी भएर शोषणको जालोबाट मुक्त हुनेछन् या त हारेर पुनः लडाइँको नयाँ तरीका खोज्छन् । यसमा श्रमिक वर्ग एवं उत्पीडित समुदायसँग जित्ने वा हारेर फेरि जीतको योजना बनाउने छुट छ तर कदापि शोषक वर्ग एवं उत्पीडक समुदायसँगको प्रतिस्पर्धा भुल्ने छुट छैन ।

स्थानीय तहको निर्वाचन सकिएको छ । आगामी मङ्सिरमा सङ्घीय तथा प्रादेशिक निर्वाचन हुने हल्ला चलिरहँदा देशमा फेरि नयाँ–नयाँ कम्युनिस्टको खोल ओढेका अवसरवादी दलालहरू विभिन्न बहानामा दल खोलेका छन्, खोल्नेवाला छन् वा खोलि नै रहनेछन् । यिनीहरूको नारा र योजना जति आकर्षक देखिए तापनि ती सबै केवल निर्वाचनमा मत आकर्षण गर्नको लागि मात्रै हो भन्ने कुरा बिर्सिनुहुँदैन । यिनीहरूको विकास भनेको आआफ्नो घरपरिवारको विकास मात्र हो । आसेपासेहरूलाई गतिलो लाभ आउने ठाउँमा पुर्‍याउनु मात्र हो । संसद्भित्रका कुनै पनि दलले नेपालको वर्गीय समस्याको निराकरण गर्न सक्दैन । बरु जितेपछि दलाल पूँजीपति जसको पैसा प्रयोग गरेर चुनाव जिते तिनको हितमा कानून बनाउने र जनतामाथि करको भार बढाउने कामबाहेक केही गर्ने होइन । कुन उत्पीडक राम्रो हो, त्यो छान्नुस् भनेर निर्वाचनमा मत हाल्नु मौलिक अधिकार होइन ।

# सरकारी जग्गा ‘लिज’मा दिन नयाँ प्रबन्ध

काठमाडौं, २४ असार/रासस

सरकारले सरकारी स्वामित्वमा रहेका जग्गा ४० वर्षसम्म लिज (भाडा)मा उपलब्ध गराउन सक्ने नयाँ कानूनी प्रबन्ध गरेको छ ।

राजपत्रमा सूचना प्रकाशित गरेर ‘सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७९’ जारी गर्दै विभिन्न चार तहमा त्यस्तो जग्गा उपलब्ध गराउन लागिएको हो । कार्यनीति अनुसार विदेशी कूटनीतिक नियोग तथा संयुक्त राष्ट्रसङ्घका निकाय, नेपाल पक्ष रहेका अन्तरसरकारी सङ्गठन, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत स्थापना भएका विश्वविद्यालय, बोर्ड समिति वा अन्य स्वायत्त संस्था, प्रचलित कानूनबमोजिम सङ्घीय, प्रदेश वा स्थानीय तहमा दर्ता भएका कुनै पनि संस्था वा व्यक्तिले सरकारी जग्गा उपभोग गर्न पाउनेछन् ।

सरकारको नाममा दर्ता स्रेस्ता कायम नभएका जग्गा सरकारको नाममा दर्ता भएपछि मात्रै लिजमा उपलब्ध गराइनेछ । सरकारले त्यस्ता जग्गा अल्पकालीनरूपमा पाँच वर्ष, मध्यकालीनरूपमा १५ वर्ष र दीर्घकालीनरूपमा ४० वर्षसम्म लिजमा उपलब्ध हुनेछ । कुनै सरकारी जग्गा लिजमा लिई उपयोग गर्न चाहने व्यक्ति, संस्था वा निकायले रु पाँच हजार निवेदन दस्तुरसहित निवेदन दिनुपर्नेछ । जग्गा लिजमा लिनु पर्नाका कारण र कार्ययोजना पेश गर्नुपर्ने कार्यविधिमा प्रबन्ध गरिएको छ ।

लिजमा उपलब्ध गराउने सम्बन्धमा जग्गा रहेको सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णयसहितको सिफारिश, विदेशी कूटनीतिक नियोग तथा संयुक्त राष्ट्रसङ्घका निकायलगायतका नेपाल पक्ष रहेका अन्तरसरकारी सङ्गठनको हकमा परराष्ट्र मन्त्रालयको सिफारिश आवश्यक पर्दछ ।

लिजमा लिन लागेको जग्गा विपद् व्यवस्थापनको लागि आवश्यक नपर्ने भन्ने सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिशसमेत आवश्यक पर्छ । सरकारी जग्गा उपयोग गर्न दिने वा लिजमा उपलब्ध गराउनका लागि सिफारिशका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक सिफारिश समिति रहनेछ । सो समितिमा जिल्ला समन्वय अधिकारी, डिभिजन वन कार्यालयका प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, जिल्लाको नापी कार्यालयका प्रमुख सदस्य एवं सम्बन्धित कार्यालयका प्रमुख सदस्य–सचिव रहने व्यवस्था गरिएको छ ।

सो समितिले जग्गा लिनुको उद्देश्य, कार्ययोजना र औचित्य, माग भएको जग्गा रहेको स्थान र क्षेत्रफल, माग भएको जग्गाको संरक्षणको सुनिश्चितता, ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक महत्त्वका स्थलको मौलिकतामा असर नपर्ने कुराको प्रत्याभूति, लिजबापत जग्गा उपलब्ध गराउँदा प्राप्त हुने रकम जरुरी छ ।

सम्झौतामा तोकिएको शर्त पालना गर्नुपर्नेछ । लिजमा प्राप्त जग्गा असल नियत र विवेकपूर्ण ढङ्गले प्रयोग गर्नुपर्ने, त्यस्तो जग्गा अतिक्रमण वा हानिनोक्सानी नहुने गरी प्रयोग गर्नुपर्ने, जुन प्रयोजनका लागि जग्गा लिइएको हो, सोही प्रयोजनाका लागि प्रयोग गर्नुपर्नेछ । लिजमा लिएको जग्गा बेचबिखन गर्न, सट्टापट्टा गर्न, सब लिजमा वा कुनै प्रकारको सम्झौता गर्न वा आंशिक वा पूरै हक हस्तान्तरण गर्न वा धितो बन्धक दिन नहुने, त्यस्तो जग्गाको मूल्याङ्कन गरी आफ्नो कुल सम्पत्तिको मूल्य कायम गर्न वा त्यसको आधारमा सुविधा निर्धारण गर्न पाइनेछैन ।

त्यस्तो जग्गा लिज अवधि समाप्त हुनुभन्दा छ महीनाअगावै लिज अवधि थप्नको लागि कार्यालयमा निवेदन दिनुपर्नेछ । लिजमा लिएको जग्गामा विद्युत् ट्रान्सफर्मर, विद्युत् पोल, विद्युतीय सवारी चार्जिङ स्टेशन, टेलिफोन टावर, सुरक्षा युनिट, खानेपानी टङ्कीजस्ता सार्वजनिक उपयोग र महत्त्वका कुनै सरकारी वा सार्वजनिक संरचना निर्माण गर्न आवश्यक भई अन्य विकल्प नदेखिएकामा आवश्यकता अनुसार त्यस्तो जग्गा सो प्रयोजनका लागि उपलब्ध गराउन सकिनेछ ।

# मेघगर्जन, चट्याङसहित वर्षाको सम्भावना

काठमाडौं, २४ असार/रासस

शुक्रवार देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जन/चट्याङसहित वर्षा भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार मनसुनी वायुको प्रभावले प्रदेश नं १, वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भएको छ ।

हाल देशका प्रदेश नं १, वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा सामान्य बदली रही बाँकी भूभागमा आंशिकदेखि सामान्य बदलीका साथै सोही प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा भएको छ । राति देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । शनिवार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा सामान्यदेखि पूर्ण बदली रही र बाँकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रहनेछ । वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा र बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । प्रदेश नं १ र वाग्मती प्रदेशका एक/दुई स्थानका साथै गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना छ ।

# व्यापारीमाथि छुरा प्रहार गरी लुटपाट

प्रस, रक्सौल, २४ असार/

हरपुर थानानजीक एकजना व्यापारीलाई हिजो बिहीवार साँझ छुरा प्रहार गरी लुटपाट गरिएको छ ।

हरपुर थाना क्षेत्र अन्तर्गत जीप स्ट्यान्ड रोडमा जुत्ताचप्पल व्यापारी रवीन्द्र प्रसादलाई अज्ञात व्यक्तिले छुरा प्रहार गरी घाइते बनाएको र उनीसँग मोबाइल र नगद लुटेको प्रहरीले जनाएको छ । पसल बन्द गरेर घर जाने क्रममा उनलाई अज्ञात व्यक्तिले छुरा प्रहार गरेको थियो ।

छुरा प्रहारबाट घाइते भएका उनको आदापुरमा उपचार सम्भव नभएपछि मोतिहारी जिल्ला अस्पताल पठाइएको छ । हरपुर थानाका प्रभारी राजीव कुमारले घटनाबारे अनुसन्धान भइरहेको बताए । घाइते रवीन्द्रको कम्मरमा छुरा लागेको र उनको अवस्था हाल सामान्य रहेको बताइएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष ३५ | २०७९ असार २५ गते शनिवार | 2022 July 09 Saturday | ३

# वर्तमानमा साहित्यिक पत्रकारिताको औचित्य

साहित्य शब्दमा 'इक' प्रत्यय लागेर साहित्यिक शब्दको निर्माण भएको हो। यस शब्दको अर्थ हुन्छ– साहित्यसित सम्बन्धित। पत्रकार शब्दमा पहिले 'इ' अनि 'ता' लागेर पत्रकारिता बनेको हो। यस शब्दले पत्रकारले गर्ने कर्म भन्ने अर्थ दिन्छ। यसरी साहित्यिक पत्रकारिता शब्दले साहित्यको विषयमा गरिने पत्रकारिता भन्ने सोझो अर्थ दिन्छ। यसरी त्यस्तो पत्रकारिता जुन साहित्यको विषयसित सम्बन्धित हुन्छ, त्यसलाई साहित्यिक पत्रकारिता भनिन्छ। साहित्यिक पत्रकारिताको सामान्य अर्थ यही हो।

आजभोलि पत्रकारिताका अनेक क्षेत्र विस्तार भएका छन्। केही दशकअघिसम्म नेपालमा पत्रकारिता भनेको अखबारीय पत्रकारिता नै बुझिन्थ्यो। रेडियो नेपाल रहेको भएपनि रेडियो नेपालले पत्रकार राखेको हुन्छ भन्ने कुराको ज्ञान सर्वसाधारणसम्म पुगिसकेको थियो। बिस्तारै टेलिभिजनको प्रचलन बढेपछि शहरी समाजले अखबार, रेडियो र टेलिभिजनका पत्रकार भनेर चिन्न थाले। अनि पछिल्लो चरणमा अखबार, रेडियो (एफएम) तथा टेलिभिजनको विकास सँगसँगै अनलाइनको विकास र विस्तार हुन थालेपछि पत्रकार र पत्रकारिता आमनागरिकको पहुँचमा हुन गएको हो। अझै पनि हाम्रो पत्रकारिताको मुख्य प्रवाह शहर केन्द्रित नै देखिन्छ। शहरका सामान्य कुरा समाचार बन्नु तर गाउँका समाचार बन्नका लागि शहरको लागि विशेष कुरो नै हुनुपर्ने वर्तमान मूल प्रवाहको पत्रकारिताको मर्म रहेको छर्लङ्ग छ।

मूल प्रवाहको पत्रकारितालाई सामान्यतया आमसञ्चार पनि भनिन्छ। आमसञ्चारले रेडियो, टेलिभिजन, अनलाइन तथा अखबार गरी सबै पत्रकारितालाई जनाउँछ। यद्यपि आमनागरिकको लागि पत्रकारिता भनेको अखबारिता हो भन्ने नै धेरै समयसम्म रहिरहनेछ। जबसम्म पत्रकारितालाई नजीकबाट देखिँदैन, भोगिँदैन, तबसम्म वास्तविक पत्रकारितालाई बुझ्न पनि सकिँदैन। उदाहरणको लागि एफएम रेडियोमा मनोरञ्जनात्मक कार्यक्रम चलाउने तथा प्राविधिकको काम गर्नेलाई मिडियाकर्मी वा पत्रकार मान्ने गरेको पनि देखिन्छ भने यस क्षेत्रमा यस्ता अन्य काम गर्नेले पनि आफूलाई पत्रकार भन्ने गरेको पाइन्छ। यद्यपि समाचारको क्षेत्रमा काम गर्ने नै पत्रकार हो र पत्रकारले पत्रकारिता गरेको हुनुपर्छ भन्ने बुझाइ पनि रहेको पाइन्छ।

यदि आमसञ्चार भनेको सामान्य पत्रकारिता हो भने साहित्यिक पत्रकारिता विशिष्ट पत्रकारिता हो। साहित्यिक पत्रकारितालाई बौद्धिक पत्रकारिता पनि भनिन्छ। यसलाई प्राज्ञिक पत्रकारिता पनि भनिन्छ। यसको अर्थ यो पनि हो कि सामान्य पत्रकारिताभन्दा साहित्यिक पत्रकारिता नैसर्गिकरूपमा विशिष्ट हुन्छ।

जसरी सामान्य पत्रिका वा अखबार प्रकाशित हुन्छ। त्यसैगरी, साहित्यिक पत्रिका पनि प्रकाशन हुन्छ। साहित्यिक पत्रिकाका लागि काव्य, आख्यान, नाटक, निबन्ध, समालोचना तथा जीवनी आदि विधाका अनेक उपविधासहितका रचना प्राप्त हुन्छन्। निस्सन्देह साहित्यिक पत्रिकामा नियमितरूपमा कुनै निश्चित विषयमा स्तम्भ लेख्ने स्तम्भकार कहलाउँछन्। र अखबारिता गर्नेहरूमध्ये पनि यदि नियमितरूपमा कुनै साहित्यिक स्तम्भ चलाउँछन् भने निस्सन्देह साहित्यकार वा साहित्यिक पत्रकार भन्न सकिन्छ। हो, साहित्यिक पत्रिकाको सम्पादन गर्ने तथा स्तम्भ लेख्ने साहित्यिक

स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com

पत्रकार हुन्। साहित्यिक पत्रकारले गरेको कर्म साहित्यिक पत्रकारिता हो। साहित्यिक पत्रकारिता सामान्य पत्रकारिताभन्दा विशिष्ट हुन्छ र सामान्य पत्रकारिताका अधिकांश गुणलाई विशिष्ट पत्रकारिताले आफूमा समाहित गरेको हुन्छ। फरक यति हो कि सम्भव भएसम्म विशिष्ट भाषिक प्रयोग गर्ने र भाषालाई कलात्मक बनाउने पक्षमा पनि साहित्यिक पत्रकारिताले विशिष्ट योगदान दिएको हुन्छ भने सामान्य पत्रकारिताले भाषालाई विशिष्ट बनाउनेभन्दा घटना वा विषयवस्तुको प्रवाहलाई विशेष महत्त्व दिएको हुन्छ। यसै हुनाले पनि कतिपयले साहित्यिक पत्रकारितालाई भाषाको पत्रकारिता वा भाषिक पत्रकारिता पनि भन्छन्।

हुनत भाषिक पत्रकारिताले पनि बहुआयामिक अर्थ राख्छ। कुनै पनि भाषाको पत्रकारितामा भाषाको सम्पादन पनि भाषिक पत्रकारिता हो। कुनै पनि भूगोलको मूल भाषाको भन्दा फरक वा अल्पसङ्ख्यामा बोलिने भाषाको पत्रकारिता पनि भाषिक पत्रकारिता हो। कुनै पनि भाषालाई स्तरीय बनाउने उद्देश्यको पत्रकारिता भाषिक पत्रकारिता हो भने भाषा सिकाउने उद्देश्यले गरिने पत्रकारिता पनि भाषिक पत्रकारिता नै हो। हो, कुनै पनि समयमा भाषाको स्तरीय रूप साहित्यिक रूपलाई नै मानिन्छ। यस अर्थमा साहित्यिक पत्रकारिता भन्नु भाषिक पत्रकारिता पनि हो।

साहित्यिक पत्रकारितामा साहित्य क्षेत्रका सबै कुरा आउँछन्। भाषा र साहित्यसित सम्बन्धित समाचार पनि यस पत्रकारिताको अङ्ग नै हो। साथै लोकजीवनमा प्रचलनमा रहेका अभिव्यक्तिलाई पनि साहित्यिक पत्रकारिताले विशिष्टतापूर्वक अङ्गीकार गर्दछ। लोकसाहित्य र लोकवार्तालाई साहित्यिक पत्रकारिताको अङ्गको रूपमा सर्वत्र स्वीकार गरिएको छ। जसरी सामान्य पत्रकारिताले ओझेलमा परेका पक्षलाई, अन्यायमा परेका पक्षलाई र जहाँ आवश्यकता हुन्छ, त्यहाँ पुगेर प्रकाश पारेको हुन्छ। जसरी सामान्य पत्रकारितालाई आवाजविहीनको आवाज भन्ने गरिन्छ, त्यसैगरी साहित्यिक पत्रकारिताले पनि लोप हुन लागेको लोकजीवनका सम्पूर्ण अङ्ग तथा पक्ष र लोकजीवनका अभिव्यक्तिका सम्पूर्ण भाषिक तथा कलात्मक प्रवाहलाई प्रस्तुत गर्दछ। परम्परागत लोककला, लोकसाहित्य र लोकसङ्गीतलाई साहित्यिक पत्रकारिताले प्रकाशित गरिरहेको हुन्छ। यसैले परम्परादेखि एउटा भनाइ प्रचलनमा रहेको छ– जहाँ न पुगे रवि, उहाँ पुगे कवि। भावार्थ जहाँ सामान्य पत्रकारिताको नजर पुग्न सक्दैन, त्यहाँ साहित्यिक पत्रकारिताको नजर पुगेको हुन्छ।

आजभोलि सामान्य पत्रकारितालाई व्यावसायिक पत्रकारिता पनि भनिन्छ र प्राज्ञिक पत्रकारितालाई सेवामूलक पत्रकारिता मानिन्छ। यद्यपि साहित्यिक पत्रकारिता पनि व्यावसायिक पत्रकारिता हुन सक्छ। साहित्यिक पत्रिकाको पनि मूल्य हुन्छ। यसमा पनि विज्ञापन हुन्छ। बिक्री र वितरण हुन्छ। बजारीकरण हुन्छ। यति हुँदाहुँदै पनि दैनिक खुराक चाहिने जस्तो पत्रकारिता नहुने र सामान्यतया आजको भोलि नै विषयवस्तु पुरानो नहुने भएकोले साहित्यिक पत्रकारिताको बजारीकरण वा यसको विषयको महत्त्वको बोधीकरण सर्वसाधारणको पहुँचभन्दा माथि हुन्छ। यद्यपि सरोकार नहुने होइन।

आमसञ्चारमा पनि साहित्यिक पत्रकारिता हुन्छ र हुनुपर्छ। भइरहेको देखिन्छ पनि धेरथोर। आमसञ्चारमा हुने साहित्यिक पत्रकारिता मूल प्रवाहको साहित्यिक पत्रकारिताजस्तो हुन सक्दैन वा भइरहेको पाइँदैन। साहित्यिक पत्रकारितालाई सहयोग गर्ने, साहित्यिक पत्रकारिताप्रति उत्साह वृद्धि गर्ने, साहित्यिक पत्रकारिताको सम्मानलाई वृद्धि गर्ने र साहित्यिक पत्रकारिताको प्रचारप्रसार गर्ने काममा आमसञ्चारको साहित्यिक पत्रकारिताले योगदान दिइरहेको हुन्छ। र आमसञ्चारको साहित्यिक पत्रकारिताको महत्त्व वास्तवमा प्राज्ञिक पत्रकारिताले नै बुझेको हुन्छ। आमपाठकले केवल उपयोग गरिरहेका हुन्छन्। अझ कतिपय सन्दर्भमा आमसञ्चारमा हुने साहित्यिक पत्रकारिता केवल मनोरञ्जनको रूपमा प्रयोग भएको पनि पाइन्छ। र कतिपय सञ्चारमाध्यममले साहित्यिक पत्रकारितालाई अलग्गै नमानेर सामान्य पत्रकारितासरह नै मानेको पनि पाइएको छ। वास्तवमा प्राज्ञिक पत्रकारिता मनोरञ्जनात्मक पत्रकारिता होइन, हुँदै होइन, र मनोरञ्जनात्मक पत्रकारिता पनि सामान्य पत्रकारिताकै पृथक उपविधा हो।

आमनागरिकमा चेतनाको विस्तार भइरहेको छ। साक्षरता र शिक्षाको विस्तार भइरहेको छ। एकातिर साक्षर व्यक्तिको सङ्ख्या बढिरहेको छ भने अर्कोतिर उच्च शिक्षा प्राप्त गर्ने मानिसको सङ्ख्या पनि बढिरहेको छ। साथै देशमा शहरीकरण पनि बढेको छ। शहरमा हुने सुविधा गाउँमा विस्तार भइरहेको छ भने शहर आधुनिक सुविधासम्पन्न बन्दै गइरहेको छ। यही परिवेशमा पत्रकारिताको विस्तार भइरहेको छ। पत्रकारिता गर्ने मानिसको सङ्ख्या बढिरहेको, सबै किसिमका सञ्चारगृह तथा प्रकाशन–प्रसारण संस्थामा वृद्धि भइरहेको तथा सञ्चारप्रति जनसाधारणको रुचिमा पनि वृद्धि भइरहेको देखिएको छ। यसै सन्दर्भमा साक्षरको चेतना वृद्धि, भाषाको स्तरमा निरन्तर परिष्कार तथा उच्च शिक्षितलाई मानसिक खुराक प्रदान गर्ने साहित्यिक पत्रकारिता अझ औचित्यपूर्ण रहेको छ।

दिनदिनै घटिरहेका घटनाको जानकारी दिने मूल प्रवाहको आमसञ्चारले राजनीतिक र यससित सम्बन्धित तात्कालिक परिवेशप्रति आफूलाई केन्द्रित गर्दछ। यसले गर्दा लोकसम्पत्तिहरूको संरक्षण र बौद्धिक चेतना वृद्धि तथा सर्वकालिक महत्त्वका मानवीय सम्पत्ति सुरक्षामा मूल प्रवाहको आमसञ्चारको ध्यान खासै जान सकेको पाइँदैन। अझ स्पष्ट पारेर भन्नुपर्दा लोप भइरहेका लोकसाहित्य र लोकसंस्कृतिको संरक्षण गर्न, तिनको महत्त्वबारे प्रकाश पार्न, तिनको अनुसन्धान गर्न साहित्यिक पत्रकारिता आवश्यक छ। लोकगीत, लोककथा, लोकगाथा, लोकनाट्य, लोकनृत्य, लोकवाद्य, लोकचलन,

(बाँकी पाँचौं पातामा)

# देवराज इन्द्रमा निर्भर सिंचाइ प्रणाली

"सुन लोगन हो, हम गाछी पर से उतरतानी, मन भर पाँकी से नहवा द लोगन। अब हम कुछु ना बोलेम हो दादा।" किंवदन्ती अनुसार लामो समयसम्म पानी परेन भने ब्रह्मस्थान तथा शिवालयमा पूजापाठ गर्ने, लोकगीत गाउने र ठूलाबडाहरूमाथि हिलो छ्यापेर देवराज इन्द्रलाई खुशी पार्ने चलन छ। यसो गर्दा जलवर्षा हुने जनविश्वास छ। पछिल्लो एक हप्ताको अवस्था हेर्ने हो भने जलवर्षा नहुँदा उच्च तापक्रमले मधेसको जनजीवन आक्रान्त छ। शुक्रवार दिउँसोदेखि जलवर्षा हुन थालेपछि अहिले मौसम अनुकूल छ।

उहिले जलवर्षा नहुँदा, पूजापाठ गरी कसरी गोबर, माटो र पानीको घोल छ्यापिन्थ्यो भन्ने सेरोफेरोमा एक कथा प्रस्तुत छः–

'काका हो, काहँवा जा के पाँकी में छबक ले ल हउव ? हो, काहे एतना भुनुर–भुनुर करतार ? काहे घर ओरी भागतार ?' अर्थात् काका हजुर, कता गएर हिलो छ्याप्नुभयो ? किन घरतर्फ भागिरहनुभएको छ ? असारको कडा घाममा रूखको छहारीमुनि गफ गरिरहेका पाँच/सात जनामध्ये एकजनाले काकासँग प्रश्न गऱ्यो। उसले प्रश्न गरिरहँदा अन्य साथीहरू काकाको अवस्था देखेर दङ्ग थिए। उनी केहीबेरअघि कोदालो लिएर खेततर्फ गइरहेको उनीहरूले देखेका थिए। कडा घाम र सुक्खा मौसममा काका कसरी र कहाँ हिलाम्य भए भन्ने कुराले उनीहरू आश्चर्यचकित थिए।

गोबर र माटोको दुर्गन्धले आजित काका क्रोधित थिए। रिसले चूर उनी यताउति नहेरी घरतर्फ गइरहेका थिए। मानिसहरूले पुनः प्रश्न गरे, "के भयो काका ? कसरी हिलाम्य हुनुभयो ?" काकाले क्रोधित मुद्रामा ठूलो र रातो आँखा पारेर वरिपरि हेर्न थाले। इँटको टुक्रा हातमा उठाएर देखाउँदै भने, "अब फेरि पनि सोध्यौ भने मेरो हातमा हेरिरहेका छौ नि, के छ ? हानिदिन्छु। तिमीहरूको टाउको फोडिदिन्छु।"

काकाले यस्तो भनिरहँदा उनको घरतर्फबाट आइरहेका एकजना मानिसले उनीनजीक आएर खडा भए। ती व्यक्तिले काकालाई खोज्दै महिलाहरूको हुल काकाको घरतर्फबाट आइरहेको कुरा अवगत गराए। यो कुरा सुनेपछि काकाको आँखा झन् ठूलो हुनुका साथै आँखीभौं माथि तन्किन थाल्यो। तर काकालाई यो कुरा सुनाउने व्यक्तिको मुहारमा मन्द मुस्कान थियो। किनभने काका किन र कसरी हिलाम्य भएका थिए भन्ने कुरा ती मानिसलाई थाहा थियो।

महिलाहरू आफूतिर आइरहेको कुरा सुन्ने बित्तिकै काकाले अघि आइरहेकै दिशामा फर्किन बाध्य भए। केही मिटर पर नपुग्दै महिलाहरूको झुन्ड हल्ला गर्दै काकातर्फ अघि बढिरहेको थियो। काकाले पुनः दिशा परिवर्तन गरे। घरतर्फ मोडिएसँगै यताबाट पनि महिलाहरूको एक अर्को झुन्ड आइरहेको थियो। काकाको पाइला जहाँको त्यहीं अडियो। रूखको छहारीमुनि बसिरहेका मानिसहरूले पुनः उनीसँग के भयो भनेर सोधे। दुवैतिरबाट महिलाहरूद्वारा घेरिइसकेका काकालाई कता भाग्ने र कसरी बच्ने उपायबाहेक अन्य कुरामा ध्यान पटक्कै थिएन।

गोबर, पानी र माटोको घोलयुक्त भाँडा प्रत्येक महिलाको हातमा थियो। लोकगीत गाउँदै ठटचौली पारामा दुवैतिरबाट महिलाहरूको झुन्ड थियो। अघि महिलाहरूको चङ्गुलबाट उम्केको काकामाथि धावा बोल्ने तरखरमा उनीहरू थिए। काकाले तीव्र गतिमा मुन्टो दायाँ–बायाँ गर्दै उम्कने युक्ति सोच्न थाले।

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

उनको मस्तिष्कमा एउटै प्रश्न खेलिरहेको थियो, अब कताबाट भागौं ? आक्रमण भन्दै महिलाहरूले काकामाथि धावा बोले। महिलाहरूको झुन्डमा रमाइलो गरिरहेका केटाकेटीहरूले बुद्धि अनुसार महिलाहरूलाई युक्ति बताइरहेका थिए भने वयस्कहरूले महिलाहरूलाई इशारामा आक्रमणको तरीका सुझाइरहेका थिए।

मरता क्या नहीं करता भनेझैं काका सहनुभन्दा महिलाहरूको अगाडि आत्मसमर्पण गर्नु नै उपयुक्त विकल्प ठाने। उनले भने, "सुन लोगन हो, हम गाछी पर से उतरतानी, मन भर पाँकी से नहवा द लोगन। अब हम कुछु ना बोलेम हो दादा।"

काकाले महिलाहरूसँग आफू रूखबाट ओर्लिंदै गरेको कुरा बताउँदै जति हिलो छ्याप्दा पनि आफू केही नबोल्ने मनसाय व्यक्त गरे। महिलाहरूसँगै रूखमुनि उपस्थित भीड युद्ध जिते सरह खुशी भयो। अहिले काका महिलाहरूको घेराभित्र आँखा बन्द गरेर चुपचाप बसिरहेका थिए। काकामाथि हिलोको बौछार भइरहेका बेला महिलाहरूको भीडबाट लाचारी गीत गुञ्जित भयो।

**हामारा हीं बाबाजी के,**
**दशो हर गइलें हो।**
**दशु हारवाहवा,**
**पियासे मरी गइलें हो...।**



जय बजरङ्ग बलीको जयकारा गर्दै तीव्र वेगमा रूखतर्फ दौडे। पछिपछि महिलाहरू दौडे। लखेट्न थाले। अन्ततः काका रूखमा चढ्न सफल भए। उनी रूखको हाँगामा बसेर स्वाँ–स्वाँ गर्दै ठूलठूलो आँखा पारेर तल हेरिरहेका थिए। महिला, बच्चा र वयस्कहरूको भीडका साथै रूखमुनि क्रन्दनयुक्त माहोल उग्र थियो। एक कान दुई कान गर्दै यो कुरा गाउँभरि फैलियो। बिस्तारै गाउँका मानिसहरू रूखनिर भेला हुन थाले। यस्तो लाग्थ्यो कि आज कुनै पर्व हो।

भुइँबाट भएपनि गोबर, माटो र पानीको घोल काकामाथि फ्याँक्ने क्रम जारी थियो। यद्यपि महिलाहरूको प्रयत्न सफलता उन्मुख थिएन। किनभने काका अग्लो बडहरको रूखको टुप्पोमा बसिरहेका थिए। महिलाहरूले हिलो त फ्याँक्थे, तर हिलो उल्टै उनीहरूकै जीउमा खस्थ्यो। महिलाहरूले काकालाई तल नझरेसम्म आफूहरू रूखमुनि बसिरहने कुरा सुनाए। काका पनि के कम थिए। प्रतिउत्तरमा उनले पनि तिमीहरू नगएसम्म आफू रूखमैं बसिरहने कुरा सुनाए। दुवै पक्षमध्ये कुनै एक पक्ष पनि हारण मान्ने मनस्थितिमा थिएन।

काकाले बडहरको फल टिप्दै र खाँदै गर्दा बेला–बेला कमिलाहरूको टोकाइ सहनुपरिरहेको थियो। रूखको एउटा हाँगामा गुँडभित्र कागका बच्चाहरू थिए। जब काग बच्चाहरूको लागि आहारा लिएर आयो, तब गुँडनजीक मानिसलाई देखेर काँ–काँ गर्न थाल्यो। कागको क्रन्दनपछि एक/दुई गर्दै थुप्रै काग जम्मा भए। कागहरूले काँ–काँ गर्दै काकाको टाउकोमा ठुङ्न थाले। बिहानदेखि अशान्त काका बडहरको मीठो फलमा रनभुल्ल भइरहेका बेला कागहरूको आक्रमणले रुनु न हाँस्नु भए। शिरमा गम्छाको पगडी बाँधे र गुँडभन्दा केही तल सरे।

अन्ततः काकाले काग, कमिला र महिलाहरू गरी विविधथरीका आक्रमण

खेतमा दशवटा हलो गएको र प्यासको कारणले 'हरवाहवा' अर्थात् हलो जोत्ने दशैजनाको मृत्यु भएको कुरा उपरोक्त लोकगीतमार्फत देवराज इन्द्रसँग दुःखेसो प्रकट गरिन्छ। टुहुरो बालक जस्तो काकाको अवस्था देखेर महिलाहरूको कठोरत्व अहिले करुणामा रूपान्तरित भइसकेको थियो। एक महिलाले अर्को महिलासँग हिलो नछ्यापौं भनिरहेकी थिइन्। यत्तिकैमा एक अर्को लाचारी गीत गुञ्जायमान भयो।

**इनर–इनर कहीं नें,**
**इनर कइसन हँउवे हो।**
**दाऱ्ही–मोछ कमा के इनर,**
**झमरत अइलें हो... ॥**

अर्थात् इन्द्र–इन्द्र भन्छु तर कस्तो इन्द्र रहेछन् आमै ! दाऱ्ही र जुङ्गा बनाएर र चिटिक्क परेर देवराज इन्द्र वर्षाको रूपमा झमझम गर्दै आए भन्ने उपरोक्त लोकगीतको आशय हो।

एक वृद्धले नवपुस्तालाई उपरोक्त कथा सुनाउने क्रममा भने, "खेतीपातीको लागि अतिआवश्यक संसाधनमध्ये पानी पनि एक हो। जलवर्षा नहुँदा देवराज इन्द्र कुपित भएको मानिन्छ।" उनले उपरोक्त कथाको पात्र आफू नै भएको बताएपछि नवसन्ततिहरू हाँसिरहेका थिए। केटाकेटीहरूको एक प्रश्नमा काकाले चाँडै रिसाउने, चिढिने, गाली गर्ने र भाग्ने प्रवृत्तिका मानिस शिकार हुने कुरा बताएपछि केटाकेटीहरूबीच हाँसो र ठट्टा धेरैबेरसम्म चलिरह्यो। अर्को वर्ष उनले शुरूमैं आत्मसमर्पण गरेपछि गाउँका अर्को एक व्यक्ति हिलोको चपेटामा परेको कुरा बताएपछि माहोल पुनः हास्यमय भयो।

उहिले देखेको परिस्थितिका साथै काकाले अहिलेको परिस्थिति पनि केटाकेटीहरूसँग साझा गरे। असार–साउन धान रोप्ने समय हो। समयमा जलवर्षा भएन भने किसानहरू चिन्तित हुन्छन्। प्रकृतिमा आधारित सिंचाइ

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व-८४



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

महाबली राक्षस अश्वत्थामातिर झम्टे तथा बाणवर्षा गर्न थाले तर घटोत्कचले हानेका बाणहरू नजीक आउनुभन्दा पहिल्यै नै अश्वत्थामाले तिनीहरूलाई काटेर खसाल्दथे। यस प्रकार अन्तरिक्षमा मानौं अर्कै किसिमको संग्राम भइरहेको होओस्। दुवैतर्फका बाणहरू एकापसमा ठक्कर खाँदा त्यहाँ आगोको झिल्को निस्कन्थ्यो, जुन त्यस प्रदोषकालमा आकाशको बीचमा जूनकीरीझैं देखिन्थ्यो।

रणाभिमानी अश्वत्थामाद्वारा आफ्नो मायाजाल नष्ट भएको हेरेर घटोत्कच पुनः आकाशमा लुकेर अर्को किसिमको मायाजालको रचना गर्न थाले। उनी



एउटा अग्लो पर्वत बने, जसको अनेकौं शिखर थिए। जसरी पर्वतबाट छहरा झर्दछ, त्यसै प्रकार त्यस पर्वतबाट शूल, प्रास, तरबार र मूसल आदि अस्त्रहरूको स्त्रोत बग्न थाल्यो। यो जस्तो मायाजाल हेरेर पनि अश्वत्थामा कति पनि विचलित भएनन्। उनी हाँस्दाहाँस्दै त्यस पर्वतमाथि वज्रास्त्रको प्रहार गरे। त्यसको स्पर्श हुने बित्तिकै त्यो पर्वतराज अनायास विलीन हुन पुग्यो। यसपछि उनले इन्द्रधनुषसहित कालो मेघ बनेर ढुङ्गाको वर्षा गर्दै द्रोणपुत्र अश्वत्थामालाई ढाकिदिए। अश्वत्थामा अस्त्रवेत्ताहरूमध्ये सर्वश्रेष्ठ थिए, उनले आफ्नो धनुषमाथि वायव्यास्त्रको संधान गरेर त्यस कालो बादललाई छिन्नभिन्न पारिदिए। अनि उनले बाणवर्षाबाट सम्पूर्ण दिशालाई आच्छादित पार्दै पाण्डवका एक लाख सैनिकलाई सोत्तर पारिदिए।

तदन्तर क्रोधित घटोत्कचले अश्वत्थामाको छाती ताकेर दशवटा बाण हाने। त्यसबाट आहत भएर अश्वत्थामा काम्न थाले। यत्तिकैमा घटोत्कचले आञ्जलिक नामक बाण हानेर उनको धनुषलाई काटिदिए। अनि अश्वत्थामाले अर्को धनुष धारण गरेर घटोत्कचमाथि बाणवर्षा आरम्भ गरे। घटोत्कचको क्रोधको सीमा रहेन, उनले भयङ्कर कर्म गर्ने राक्षसी सेनालाई आज्ञा दिए- वीरहरू हो, यस द्रोणको छोरालाई मारिदेउ। आज्ञा पाएपछि भयानक राक्षसहरू आँखा रातो-रातो पार्दै, मुख बाएर अनेकौं अस्त्र लिएर अश्वत्थामालाई मार्न भनेर दौडे। उनीहरूले अश्वत्थामाको मस्तकमाथि शक्ति, शतघ्नी, परिघ, वज्र, शूल, पट्टिश, तरबार, गदा, भिन्दिपाल, मूसल, बञ्चरो, प्रास, तोमर, कणप, कम्पन र मुग्दर आदि घोर शत्रुनाशक अस्त्रशस्त्रको वर्षा गर्न थाले।

द्रोणपुत्र अश्वत्थामाको मस्तकमाथि शस्त्रहरूको ओइरो हेरेर तपाईंका योद्धाहरू धेरै दुःखी भए तर उनी स्वयम् कति पनि विचलित भएनन्। वज्रको समान तीक्ष्ण शस्त्रहरूबाट त्यस घोर शस्त्र वर्षालाई विध्वंस गरिरहे। अनि उनले आफ्नो तीक्ष्ण बाणहरूलाई दिव्यमन्त्रबाट अभिमन्त्रित गरेर त्यस राक्षसी सेनाको संहार प्रारम्भ गरे। उनको बाणको मारबाट आहत भएर राक्षसहरूको समुदाय व्याकुल हुन पुग्यो। अश्वत्थामाको मारबाट सबै राक्षस क्रोधित भएर उनीमाथि जाइलागे। त्यति बेला अश्वत्थामाले यस्तो अद्भुत पराक्रम गरे जस्तो पराक्रम अन्य कसैले पनि गर्न सक्दैन्थ्यो। उनले राक्षसराज घटोत्कचले हेर्दाहेर्दै आफ्ना प्रज्वलित बाणबाट उनको सेनालाई भस्मसात् पारिदिए। अनि क्रोधले मुर्मुरिएका घटोत्कचले दाऱ्हा किट्दै ताली पड्काएर सिंहनाद गर्दै आठवटा घण्टी भएको अशनि नामक एउटा भयानक अस्त्र अश्वत्थामामाथि हाने। अश्वत्थामाले हाम्फालेर त्यस अशनि नामक अस्त्रलाई हातमा समातेर त्यसलाई पुनः घटोत्कचमाथि नै फर्काइदिए। घटोत्कच हाम्फालेर रथबाट टाढा भए र त्यो भयङ्कर अशनिले उनको घोडा, सारथि, ध्वजा तथा रथलाई भस्म पार्दै पृथ्वीभित्र छिऱ्यो।

अश्वत्थामाको पराक्रमलाई हेरेर सबै योद्धाले उनको प्रशंसा गर्न थाले। आफ्नो रथ नष्ट भइसकेकोले घटोत्कच धृष्टद्युम्नको रथमाथि गई बसे तथा हातमा एक भयानक धनुष लिएर अश्वत्थामाको छाती ताकेर भिषण बाण प्रहार गर्न थाले। यसै प्रकार धृष्टद्युम्न पनि निर्भीक भएर द्रोणपुत्रको छातीमाथि बाणबाट चोट पुऱ्याउन थाले। यता अश्वत्थामाले पनि उनीहरूमाथि बाणवर्षा गर्न थाले र ती दुवैजनाले आफ्नो अस्त्रबाट अश्वत्थामाको शस्त्रलाई काट्न थाले। यस प्रकार उनीहरूबीच बडो तीव्रताको साथ अत्यन्त भयङ्कर युद्ध थालिएको थियो। त्यति बेला अश्वत्थामाले त्यहाँ अत्यन्त अद्भुत पराक्रम प्रकट गरे, जुन अर्काको निम्ति असम्भव थियो। उनले आँखा नझिम्काउँदै घोडा, सारथि, रथ र हात्तीसहित राक्षसको एक अक्षौहिणी सेनाको विध्वंस गरिदिए। भीमसेन, घटोत्कच, धृष्टद्युम्न, नकुल, सहदेव, युधिष्ठिर, अर्जुन र श्रीकृष्णले पनि हेरेको हेऱ्यै भए। उनको बाणबाट चोट खाएर हात्तीहरू श्रृङ्गहीन पर्वतको समान पृथ्वीमाथि लड्दथे। उनले आफ्ना नाराचहरूबाट द्रुपद कुमार सुरथलाई मारिदिए। फेरि द्रुपदको भाइ शत्रुञ्जयलाई सिध्याए। यसपछि बलानीक, जयानी र जयाश्वको प्राण लिए, अनि श्रुताह्वयलाई यमलोक पठाइदिए। तदन्त तीनवटा बाणबाट हेममाली, पृषध्र र चन्द्रसेनको वध गरे। तत्पश्चात् कुन्तिभोजका दशजना पुत्रहरूलाई पनि दशवटा बाण हानेर यमलोकको बाटो देखाए। यसपछि उनले यमदण्डको समान घोर बाण धनुषमाथि राखेर घटोत्कचको छातीमाथि प्रहार गरे। त्यो महान् बाण घटोत्कचको छातीलाई छेडेर पृथ्वीभित्र छिऱ्यो। घटोत्कच मूर्छित भएर भूमिमाथि लडे। क्रमश ...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

तपाईंसँगै तपाईंको साथी पनि तपाईंले ध्यान गर्नुभएको देखेर देखासिखीमा ध्यान गरिरहेको छ भने यो ध्यानको क्रियाबाट उसलाई ठीक-ठीक लाभ प्राप्त हुँदैन। कसको लागि कुन मार्ग ठीक हुन्छ भन्ने कुरा स्वयम् आफैंले खोज्नुपर्छ। अरू हिंडेको देखेर अरूको नक्कल गर्दै सोही बाटोमा हिंड्ने कुरा होइन। केही क्रियाहरूलाई सामाजिक मान्यता प्रदान गरिन्छ र सबैलाई त्यो क्रिया गर्न बाध्य पारिन्छ। त्यो क्रिया नगर्नेहरूमाथि सामाजिक दबाब दिइन्छ। उनीहरूलाई सामाजिक बहिष्कार गरिन्छ। इच्छा नभईकन आफूलाई अनुपयुक्त कुनै पनि क्रिया गर्नुको केही फाइदा हुँदैन भन्ने कुरा बुझ्नु जरुरी छ। कुनै पनि मानिसलाई हामी प्यास जगाउन सक्छौं। आफ्नो अनुभव बताउन सक्छौं तर उसमाथि आफ्नो अनुभव थोपर्न सक्दैनौं। आफ्नो अनुभव आफूलाई ठीक लाग्यो भन्दैमा अरूमाथि थोपर्नु उचित हुँदैन।

सचेतना पूर्णरूपमा हाम्रो मनभित्रको आन्तरिक मामिला हो। यो बाहिरी दबाबको मामिला होइन। कहीं जानु छ तर तपाईंलाई त्यहाँ जान मन लागिरहेको छैन। त्यो ठाउँमा नगई हुँदैन भन्ने तपाईंलाई परिवारिक दबाब छ। यस्तो बाहिरी दबाबले तपाईं आफ्नो शरीर त्यहाँ लैजान सक्नुहुन्छ तर तपाईं आफ्नो मनलाई कदापि लैजान सक्नुहुन्न। सचेतनाविना जीवनमा अध्यात्मतर्फको यात्राको सुरुआत हुन सक्दैन। बानीहरू सचेतनाविपरीतका अवस्था हुन्। थाहै नपाईकन अनजानमा नै आफ्नो बानीले गर्दा मानिसले धेरै गतिविधि गर्दछ र जीवनभरि आफ्ना ती गलतीहरू सम्झेर पश्चात्ताप गरिरहन्छ। उसले पटक-पटक अब म रिसाउँदिनँ, गलत फोहोरी शब्द बोल्दिनँ आदि जस्ता गलत काम गर्दिनँ भन्ने निश्चय गर्दछ तर उसले ती आफ्ना प्रतिबद्धताहरूको पालन गर्न सक्दैन। जब उसले पटक-पटक निश्चय गरेर पनि आफूलाई सुधार्न सक्दैन, तब बिस्तारै-बिस्तारै उसको आत्मविश्वास कमजोर हुँदै जान्छ। जसले गर्दा उसले आफूलाई कमजोर सम्झन थाल्छ। यही कारणले गर्दा मानिसको उमेर जसरी-जसरी बढ्दै जान्छ, त्यसरी-त्यसरी नै उसको जीवनको आनन्द कम हुँदै जान्छ र वृद्धावस्थासम्म पुग्दा नपुग्दै ऊ पूर्णतया आनन्दविहीन निरस प्राणी हुन जान्छ। यसको मतलब यो होइन कि सबै बानी नराम्रै हुन्छन्। धेरै मानिसका धेरै बानी राम्रा पनि हुन्छन् तर मानसिक सचेतना नभएको कारणले ती राम्रा बानीहरूको माधुर्यता कहिले जीवनबाट हराएर गयो, त्योसमेत थाहा हुँदैन। त्यही भएर मानिसहरू सधैंभरि तिनै नराम्रा बानीहरूकै पछाडि हात धोएर दौडिरहन्छन्।

आनीबानी वा आदतहरू हाम्रो जीवनमाथिका बोझ हुन्। हाम्रो आन्तरिक जीवन विकासका बाधक हुन्। यिनीहरू जीवनका मूल प्रवृत्ति होइनन्। यिनीहरू हाम्रो जीवनको मूल प्रवृत्तिका विपरीत अवस्था हुन्। जीवन भनेको प्रतिपल परिवर्तन हुने स्वभावको नाम हो। जीवन शब्द जीवन्ततताबाट बनेको छ, जसको अर्थ गतिशीलता हो। जीवनमा गतिविहीनता हुनुहुँदैन, गतिशीलता हुनुपर्छ। सम्पूर्ण प्रकृतिमा केही पनि गतिविहीन हुँदैन। सजीव प्राणीहरू त गतिशील हुन्छन् नै समय निर्जीव छ तर पनि हामी यसलाई गतिशील मान्छौं। हामीहरू आफ्नै जीवनलाई प्रकृतिको नियमविपरीत गतिविहीन बनाइ रोक्ने प्रयास नगरौं। गतिविहीनताले हाम्रो जीवनको आनन्द खोसिन सक्छ। परिवर्तन जीवनभरि नै चलिरहने प्रक्रिया हो। जीवन परिवर्तनलाई समयावधिमा बाँध्न सकिंदैन। आफ्ना आनीबानीहरूको चङ्गुलबाट आफूलाई स्वतन्त्र गर्नुस् र जीवन रूपान्तरणको तयारी गर्नुस्। तब तपाईंले जीवनमा आनन्द महसूस गर्न सक्नुहुनेछ। तपाईंको जीवनमा नयाँ ऊर्जा तथा नयाँ उत्साह प्रवेश भएको महसूस गर्नुहुनेछ। जसरी-जसरी तपाईंले आफ्नो जीवन रूपान्तरण शुरू गर्नुहुनेछ, त्यसरी-त्यसरी नै जीवनमा धेरै सकारात्मक परिवर्तन योग्य कुराहरू छन् भन्ने कुरा थाहा पाउनुहुनेछ। हरपल तपाईंले आफ्नो जीवन रूपान्तरणको लागि गर्नुपर्ने परिवर्तन योग्य कुराहरू देख्न सक्नुहुनेछ। जब मानिस सचेत भएर आफूलाई परिवर्तन गर्न तयार हुन्छ, तब उसको जीवनबाट नकारात्मक कुराहरू निस्किन शुरू हुन्छ। जब नराम्रा कुराहरू जीवनबाट निस्किन थाल्छन्, तब राम्रा कुराहरू जीवनमा प्रवेश गर्न शुरू हुन्छन्। यो क्रियाबाट प्राप्त हुने आनन्द तपाईंले महसूस गर्न सक्नुहुनेछ।

(क्रमशः)

# लिम्फ र लिम्फसञ्चार




वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

यिनै हुन् लिम्फको वर्णन जसको गतिशीलता कति जरुरी छ भन्ने कुरा यसैले थाहा हुन्छ कि यदि यसको प्रवाह बन्द गरियो भने मान्छे बैलुन सरी फुलेर २४ देखि ४८ घण्टामा मर्छ। मस्तिष्कमा लिम्फैटिक नेटवर्क पाइँदैन, तर ताजा अनुसन्धानहरूले त्यसमा पनि सूक्ष्मरूपले हुन्छ भने पत्ता लागेको कुरा प्रकाशमा आएको छ।

शरीर एक मजबूत तर नश्वर किल्ला हो, जसभित्र आत्मारूपी रानीको निवास छ। जसरी माहुरीको असङ्ख्य सङ्ख्याले आफ्नो रानी माहुरीको रक्षाको लागि सबै प्रयत्न गर्छन्, त्यस्तै शरीरका सारा अवयवले मेरो विचारमा केवल आत्माको मात्र रक्षा गर्छन्। हाम्रा ऋषिमुनिको भनाइ अनुसार आत्माको स्वरूप रौंको एक हजार हिस्साको बराबर छ। पश्चिमा वैज्ञानिकहरूमा हाप्किन्सले पनि यसलाई मान्दैनन् र उनले पनि शरीर मात्र सबै कुरा हो भन्छन्। तर हामी हिन्दूहरूको मान्यता त्यस्तो छैन। हाम्रो अनुसार जब शरीररूपी यस किल्लाले जर्जर भएर आत्माको रक्षा गर्न सक्दैन, तब आत्माले यसलाई छाडेर अन्यत्र अर्को किल्लाभित्र आफ्नो निवास बनाउँछ। अब शरीरको यो किल्ला कसरी बनेको छ, यसमा विचार गरौं। हामी सबैले पुराना राजा, रजवाडाका किल्ला अवश्य हेरेका छौं। त्यसमा के हुन्छ भने एउटा मोटो बाहिरी पर्खाल हुन्छ। त्यसको बाहिर र भित्र पनि गहिरो खाडल बनेका हुन्छन् ताकि शत्रु खाडल पार गरेर पर्खालसम्म पुग्न नसकोस्। कथंकदाचित् शत्रु पर्खालसम्म पुग्यो र पर्खालको ढोकाबाट भित्र पस्यो भने भित्र पनि खाडल बनेको हुन्छ। त्यो खाडल पार गरे पनि अर्को खाडल बनेको हुन्छ। यस्तै, तहगतरूपमा खाडल शरीरभित्र पनि बनेका हुन्छन्। छाला शरीरको किल्ला हो, जसको बाहिर कुनै खाडल हुँदैन। शत्रु अथवा रोगाणुहरू छालाको अभेद्य किल्लालाई भेद्न त सक्दैनन् तर मुख, नाकरूपी ढोकाबाट सुटुक्क भित्र पस्छन्। तर लगत्तै उनीहरूलाई तहगत खाडलहरू छिछोल्नुपर्छ। पहिलो खाडल हो रगत र प्लाज्मा, जसमा प्रवेश गरेपछि शत्रुमाथि अनेक रक्षकहरूको आक्रमण हुन्छ, जसबाट शत्रु बच्न सक्दैन। तर केही मोटा र ठूला शत्रुलाई रगतले मार्न नसकेपछि लिम्फरूपी अर्को खाडलमा आइपुग्छन्। त्यहाँ लिम्फैटिक सेल्स वा सैनिकहरूले च्वाट शत्रुहरूलाई समात्छन् र मारिदिन्छन्। अतः अब हामीले यो जान्नुपऱ्यो कि:

**के हो लिम्फ ?**

यसलाई सम्झनको लागि केही कुरा सम्झनुस्। गोदाममा कैयौं पङ्क्तिमा सैकडौं भरिएका बोरा थाक लगाएर राखिएका हुन्छन्। त्यहाँ के हेर्नुहुन्छ ? सबै पङ्क्तिका बोरा टाँसिएका हुँदैनन्। टाँसिने कुनै आधार पनि छैन। बीचमा यहाँदेखि त्यहाँसम्म एक खाली ठाउँ बन्छ। ठीक यस्तै शरीरमा हुन्छ। करीब ३७२ ०००००००००० तीन पद्म बहत्तरी नील सेल र टिस्सुहरूको थाक लागेर शरीर बनेको हुन्छ र उनीहरूका बीचमा त्यस्तै खाली ठाउँ हुन्छ, जसरी गोदामका बोराहरूको बीचमा हुन्छ। त्यस खाली ठाउँलाई इन्टरस्टिशियल स्पेस भनिन्छ। अब कल्पना गर्नुस् कि दुईटा खेतको बीचमा एउटा कुलो छ। त्यही कुलो इन्टरस्टिशियल स्पेस हो। अब खेतमा पानी पटाउनुस्। कुनै भूलबाट लिक भएर केही पानी त्यस कुलोमा जान्छ। त्यही पानी लिम्फ हो। शरीरमा ठीक यही हुन्छ। जब कैपिलरीले सेलहरूमा रगत पटाउन थाल्छ, तब केही रगत लिक भएर इन्टरस्टिशियल स्पेसमा जम्मा हुन्छ। त्यही हो लिम्फ। यो वास्तवमा लिक भएको होइन, बरु कैपिलरीले जानीजानी छोड्दै जान्छ। किनभने रगतले त्यसमा मौजुद शत्रुहरूलाई परास्त नगरेको हुन सक्छ। त्यो परास्त अब यहाँ गरिन्छ। कुलोमा माछा आए मानिसले के गर्छ ? त्यसलाई मारेर खान्छ। त्यस्तै रगतले खान नसकेका शत्रुहरूलाई यहाँ खाइन्छ। खेतको कुलोमा जुन पानी जम्मा भएको छ, त्यसको उद्देश्य के ? के त्यहीं जमेर बस्ने ? त्यसको उद्देश्य त यो हुनुपर्छ कि जुन नहरबाट पानी आइरहेको थियो, त्यसैमा मिसाइदिने ताकि अरू खेत पनि पटाउन काम लागोस्। ठीक यही काम गर्छ लिम्फ नेटवर्कले। जम्मा भएको लिम्फमा साना-साना नलीहरूको एउटा जाल बन्छ, जसले लिम्फलाई आफूतिर तान्छ अथवा सोस्छ। यसरी सोसेको लिम्फलाई अझ ठूलो लिम्फनलीमा





पठाइन्छ। यसरी शिरा जस्तै अझ ठूलोमा पठाउँदै अन्त्यमा शिराको ठूलो शाखामा पठाएपछि लिम्फको काम सकिन्छ। यसै जाललाई लिम्फैटिक्स नेटवर्क वा लिम्फैटिक सञ्चार भनिन्छ। यसरी लिम्फैटिक सिस्टम अरू केही होइन, बरु रगतलाई दोहोरो शुद्धीकरण गर्ने प्रक्रिया हो। केही मोटा र ठूला ब्याक्टेरिया वा रोगाणु वा टक्सिन, जसलाई श्वेत रक्तकणले खान सक्दैन, तब त्यो लिम्फको जिम्मामा आइपुग्छ। लिम्फले त्यो काम फत्ते गरेपछि फेरि त्यो जहाँको थियो, त्यहीं पठाइदिन्छ। लिम्फेटिकको बनावट एउटा झुन्डिरहेको झालर जस्तो हुन्छ, जसको बीचबीचमा गाँठाहरू बनेका हुन्छन्। यी गाँठालाई लिम्फनोड भनिन्छ। जब लिम्प लिम्फनोडमा पुग्छ, तब त्यहाँ उपस्थित सैनिक सेलहरूले रगतले खान नसकेका शत्रुहरूलाई खाइदिन्छन्। मतलब खाने काम लिम्फनलीमा होइन लिम्फनोडमा हुन्छ। यसरी लिम्फ माथि बढ्दै जान्छ र अन्त्यमा दायाँपट्टिको लिम्फ राइट सबक्लेवियन नामक भेन अथवा शिरामा पुऱ्याइन्छ, जो हाम्रो कलर बोनको तल अवस्थित हुन्छ। बायाँपट्टिको शरीरको लिम्फ लिम्फ सिस्टमको सबैभन्दा ठूलो शाखा थोरैसिक डक्टमा पुऱ्याइन्छ। त्यसपछि थोरैसिक डक्टले सम्पूर्ण लिम्फलाई इन्टरनल जुगलर नामक भेनमा पुऱ्याइदिन्छ, जुन गर्धनमा हुन्छ। भेन वा शिराको त्यो रगतको फेरि आक्सिजिनेशनमा रिसाइक्लिङ हुन्छ। शरीरमा लिम्फनोडको सङ्ख्या ६०० हुन्छ, जसमा २०० केवल घाँटीमा पाइन्छ, जसलाई सरभाइकल लिम्फनोड भनिन्छ। यसको अलावा काँखीमा जसलाई एक्जिलरी र तिघ्रा र पेटको जक्सनमा जसलाई इन्गुइनल नोड जुन आन्द्रा, छाती र जननेन्द्रियमा हुन्छन्। सबैभन्दा ठूलो लिम्फनोड फियो र अर्को ठूलो टन्सिल हो। हामीले लिम्फनोड बढेपछि मात्र महसूस गर्छौं। जब खुट्टा वा जननेन्द्रियमा कुनै घाउ खटिरा हुन्छ, तब तिघ्राको माथिल्लो हिस्साको नोड बढ्छ र दुख्छ। हामीले त्यो र घाँटीमा बढेको नोडलाई सजिलै छाम्न सक्छौं। ब्याक्टेरियालाई खाँदा-खाँदा नोडको आकार बढेर जान्छ, जुन दुई हप्तापछि आफैं वा खटिराको उपचार गरेपछि कम भएर जान्छ। भोजपुरीमा यसलाई 'कौडी छुवा गइल' भनिन्छ। नोडको आकार कौडी जस्तै अन्डाकार वा ओभल नै हुन्छ। दिनहुँ १२० मिलिलिटर लिम्फ भेनमा जाने गर्छ।

यति भनेपछि बाँकी त केवल एकेडेमिक वर्णन नै बाँच्छ, जुन सर्वसाधारणको लागि केही मतलब राख्दैन। ल्याटिनमा लिम्फको मतलब हुन्छ, पानी तर कस्तो पानी। नेपालीमा यसलाई चौलानी भन्न सकिन्छ। आन्द्राको लिम्फलाई काइल भनिन्छ, जुन फैटको मात्रा अत्यधिक भएकोले सेतो हुन्छ। बढी भाग लिम्फमा यसैको भएको कारण लिम्फ चौलानी पानी जस्तो सेतो हुन्छ। लिम्फको खोज दुईजना डच वैज्ञानिक ओलियस रूडवैक र थोमस वार्थोलिनले गरेका थिए। शरीरका सबै इन्टरस्टिशियल स्पेसको लिम्फ मिलाएर १२ लिटर हुन्छ। रेनिन नामक वैज्ञानिकले पत्ता लगाए कि कैपिलरीले दिनहुँ आठ लिटर द्रव छोड्छ, जुन नोडहरूमा शोषित हुँदै अन्त्यमा चार लिटर रहन्छ। यसको बहने वेग रगतभन्दा धेरै कम हुन्छ। १२० मिली प्रतिघण्टाको दरले लिम्फ रगतमा जान्छ, जसमध्ये १०० मिली बायाँ भागको थोरैसिक डक्टबाट घाँटीमा उपस्थित इन्टरनल जुगलर नामक भेन अथवा शिरामा र २० मिली दाहिनेपट्टिबाट कलर बोनको तलको सबक्लेवियन नामक भेनमा फिर्ता जान्छ।

लिम्फको बनावटमा ९६ प्रतिशत पानी र चार प्रतिशत ठोस हुन्छ। ठोसमा उही नाम गनाउनुभन्दा बढी के छ र ? ठोसमा आर्गेनिकमा प्रोटिन २ देखि ६ प्रतिशत, अल्युविमिन, ग्लोवुलिन, फिव्रिनोजिन, प्रोथ्रोम्विन, एन्टीबडिज र इन्जाइम, लिपिड ५ देखि १५ प्रतिशत हुन्छ, जसमा काइलोमाइक्रोन र लाइपोप्रोटिन हुन्छ। त्यस्तै कार्बोहाइड्रेटमा ग्लुकोज १२० ग्राम हुन्छ। अमिनो एसिडमा प्लाज्मामा रहेका सबै ननप्रोटिन नाइट्रोजन्स पदार्थ युरिया, क्रियटिनिन। यसको अलावा इनआर्गेनिकमा जुन प्लाज्माभन्दा कम कन्सन्ट्रेशनमा हुन्छ। सोडियम, क्यालिशियम, पोटाशियम तथा जुन प्लाज्माभन्दा वढी कन्सन्ट्रेशनमा हुन्छ। क्लोराइड र वाइकार्बोनेट हुन्छन्। यसको अलावा सेलहरू पनि हुन्छन्, जसमा लिम्पोसाइट १००० देखि २००० प्रतिक्युबिक मिलिमिटर तथा अरू मोनोसाइट, मैक्रोफेजेज र प्लाज्मा सेलहरू हुन्छन्।

अतः लिम्फको वृहत् काम टिस्सु स्पेसको प्रोटिनलाई रगतमा पुऱ्याउने, शरीरको द्रवलाई रिडिस्ट्रिब्युशनमा मदत गर्ने, टिस्सुबाट ब्याक्टेरिया, टक्सिन र अर्को बाहिरी तत्त्वलाई हटाइदिने, इन्टेस्टाइनल फैटको अवशोषण गर्ने, लिम्फोसाइटको उपस्थितिले प्रतिरोधक क्षमता बढाउनमा मदत गर्ने आदि हुन्।

यिनै हुन् लिम्फको वर्णन जसको गतिशीलता कति जरुरी छ भन्ने कुरा यसैले थाहा हुन्छ कि यदि यसको प्रवाह बन्द गरियो भने मान्छे बैलुन सरी फुलेर २४ देखि ४८ घण्टामा मर्छ। मस्तिष्कमा लिम्फैटिक नेटवर्क पाइँदैन, तर ताजा अनुसन्धानहरूले त्यसमा पनि सूक्ष्मरूपले हुन्छ भने पत्ता लागेको कुरा प्रकाशमा आएको छ।

# अन्तर्राष्ट्रिय समाचार

## जापानका पूर्वप्रम सिन्जो आबेको गोली लागेर मृत्यु


जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबे। तस्वीरः सिन्ह्वा

टोकिया, २४ असार/सिन्ह्वा

गोली प्रहारबाट गम्भीर घाइते भएका जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको निधन भएको छ। जापानको पश्चिमी शहर नारामा आयोजित कार्यक्रमलाई सम्बोधन गरिरहेका बेला शुक्रवार बिहान उनीमाथि गोली प्रहार भएको थियो।

नारास्थित अस्पतालको सघनकक्षमा उपचाररत रहेको बेला उनको निधन भएको सञ्चारमाध्यमले जनाएका छन्।

यसैबीच, प्रहरीले गोली प्रहार गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको छ।

सडकमा आयोजना भएको एक सभालाई सम्बोधन गरिरहेका बेला उनलाई पछाडिबाट गोली प्रहार भएको यहाँका सञ्चारमाध्यमहरूले जनाएका छन्। जापानी टेलिभिजन एनएचकेले दिएको जानकारीमा उनलाई गोली लागेको ठाउँबाट रगत बगिरहेको थियो। गोली लागेपछि उनी बेहोश अवस्थामा रहेको यहाँका मिडियाले जनाएका थिए।

नाराको स्थानीय प्रहरीले उनलाई नजीकैको एक अस्पतालमा कोमामा राखिएको थियो। नारा मेडिकल युनिभर्सिटीमा भर्ना गरिएको र उनको अवस्था गम्भीर रहेको यहाँका मिडियाले जनाएका थिए। प्रहरीले गोली प्रहार गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएको जनाइएको छ। प्रहरीले गोली प्रहार गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको जानकारी दिएको छ।

**विश्व नेताहरूद्वारा नेता आबेमाथि भएको आक्रमण निन्दा**

जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेमाथि शुक्रवार नारा शहरमा चुनावी प्रचारका क्रममा गोली प्रहार गरिएको घटनाप्रति विश्वका नेताहरूले निन्दा गर्दै त्यसलाई अक्षम्य भनेका छन्।

जापानका प्रधानमन्त्री फुमियों किसिदाले आबेलाई पुनर्जीवन दिन गर्न सकिने सबै काम भएको बताए। "यो आक्रमण चुनावको समयमा भएको क्रुर कार्य हो, चुनाव लोकतन्त्रको आधार हो, आक्रमण अक्षम्य छ," आबेको निधनपछि सञ्चारकर्मीहरूलाई जानकारी दिंदै प्रधानमन्त्री फुमियोंले भने।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, ताइवानका राष्ट्रपति साइ इङ वेन, बेलायतका प्रधानमन्त्री बोरिस जोनसन, अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अलवान्से, सिङ्गापुरका प्रधानमन्त्री ली सिङ लुङ, स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेज, न्युजिल्यान्डका प्रधानमन्त्री ज्याकिन्दा आर्डेर्नले पूर्वप्रधानमन्त्री आबेको निधन शोक व्यक्त गरेका छन्।

यसैगरी, थाइल्यान्डका उपप्रधानमन्त्री डोन प्रमोद्विने, दक्षिण कोरियाका विदेशमन्त्री पार्क जीन, इन्डोनेशियाका विदेशमन्त्री रेन्टो मार्सुदी, फिलिपिन्सका विदेशमन्त्री इनरिक मनालो, अमेरिकाका विदेशमन्त्री एन्थोनी ब्लिङकेन, रूसका विदेशमन्त्री सेर्गेइ लाभारोभले पनि उनको निधनमा दुःख व्यक्त गरेका छन्।

## झापामा 'नाइरोबी फ्लाइ'का सङ्क्रमित फेला

झापा, २४ असार/रासस

जिल्लाका १५ पालिकामध्ये तीन पालिकामा 'नाइरोबी फ्लाइ'का


तस्वीरः एजेन्सी



सङ्क्रमित फेला परेका छन्। मेचीनगर, अर्जुनधारा र बिर्तामोड नगरपालिका क्षेत्रमा नाइरोबीका पीडित फेला परेको बताइएको छ। "बिहीवार मात्र १०० जना 'नाइरोबी फ्लाइ'का सङ्क्रमित आउनुभयो," अर्जुनधारा नगरपालिका–६ स्थित महानन्द चोकमा सकुशल औषधिपसल सञ्चालक स्वास्थ्य सहायक कलम निरौलाले भने, "एक हप्ता जति भयो, शरीरका विभिन्न अङ्गमा डढुवा घाउजस्तो आएका मानिस आउन थाल्नुभएको। बिहीवार मात्र १०० जनालाई औषधि दिएर पठाएँ।"

उनले दैनिक हात, खुट्टा, घाँटीमा ससाना फोका लिएर चिलायो र पोल्यो भन्दै आएका सोही रोगका सङ्क्रमितहरूलाई 'एन्टिभाइरल क्रिम' दिएर पठाउँदै आएको जानकारी दिए। उनका अनुसार सोही क्रिम घाउमा लगाएको दुईदेखि तीन दिनभित्रमा निको हुने गरेको छ।

उनले स्थानीय मेडिकलहरूमा एन्टिभाइरल क्रिम किन्न आउनेको भीड लाग्ने गरेको बताए। विगत सात वर्षदेखि औषधिपसल सञ्चालन गर्दै आएका निरौलाले पहिलोपटक यति धेरै मात्रामा एन्टिभाइरल क्रिम बिक्री गरेकोसमेत जानकारी दिए। उनले एक हप्ताको

अङ्गमा डढुवा घाउजस्तो भएका धेरै नै बिरामी आइरहेको बताए। उनका अनुसार हाल बालबच्चा र ज्येष्ठ नागरिकहरूमा सो समस्या बढी देखिएको छ। "नाइरोबी हो वा होइन, हामीलाई थाहा छैन, आधिकारिकरूपमा पुष्टि भएको छैन," उनले भने, "डढुवा घाउको सङ्क्रमण बढेको छ। गर्मी र वर्षाको समयमा यस्ता समस्या लिएर आउने हुन्छन् तर विगतको भन्दा चाहिं बढेको

(बाँकी अन्तिम पातामा)

## एनसेलको आकर्षक– 'डबल मजा प्याक'

प्रस, काठमाडौं, २४ असार/

एनसेल आजियाटा लि.ले बिहीवारदेखि नौलो र आकर्षक डेटा अफर 'डबल मजा प्याक' ल्याएको छ। यस अफरले ग्राहकलाई रु १२५ पर्ने डेटा प्याक पुनः खरीद गरी आफ्नो डेटा भोल्युम दोब्बर बनाउँदै अझ सुलभ दरमा डेटा सेवाको फाइदा लिन प्रोत्साहन गरेको जनाएको छ।

यो अफर अनुसार ग्राहकहरूले सात दिनको समयसीमा रहेको पाँच जिबी डेटा करसहित रु १२५ मा खरीद गर्छन् र प्याकको समयसीमा सकिनुभन्दा पहिले नै सो प्याक पुनः खरीद गर्छन् भने सोही शुल्कमा पाँच जिबीको सट्टामा १० जिबी डेटा प्राप्त गर्नेछन्। यो अफर आजदेखि सञ्चालनमा आएको एनसेलले जनाएको छ।




समयावधि सकिनुअघि नै नयाँ प्याक लिएमा डेटा भोल्युम र समयावधि दुवै सोही अनुसार थपिंदै जाने अफरको विशेषता हो। उदाहरणका लागि यदि कुनै ग्राहकले प्याक खरीद गरेको तीन दिनपछि सोही प्याक पुनः खरीद गरेमा नयाँ १० जिबी उसको बाँकी डेटा भोल्युममा जोडिन्छ र समयसीमा पनि बाँकी रहेको चार दिनसहित ११ दिन हुन्छ। प्याक आवश्यकता अनुसार जतिपटक पनि पुनः खरीद गर्न सकिने छ भने कुल अधिकतम समयसीमा २८ दिन रहनेछ।

## चिनियाँ चेलीलाई थप बच्चा जन्माउन प्रोत्साहन भत्ता

बेइजिङ, २४ असार/एएनआई

राष्ट्रको जनसङ्ख्या बढाउन र देशको श्रमशक्तिमा योगदान गर्न चीन सरकारले विवाहित महिलाहरूलाई थप बच्चा जन्माउन प्रोत्साहन गरेको छ।

देशमा गम्भीर जनसाङ्ख्यिक सङ्कट उत्पन्न हुन नदिन सरकारले विवाहित दम्पतीलाई कर र आवास ऋण, शैक्षिक लाभलगायत नगद प्रोत्साहन उपलब्ध गराएको हो।

गत वर्षको अन्त्यमा चिनियाँ मुख्य भूमिको जनसङ्ख्या एक अर्ब चालीस करोड १३ रहेको र नवजात शिशुको सङ्ख्या एक करोड ६२ लाखमा झरेको ग्लोबल टाइम्सले जनाएको छ। नवजात शिशु र कालगतिले मर्ने चिनियाँ नागरिकको सङ्ख्या हाराहारीमा रहेको उक्त पत्रिकाले छापेको छ।

दशकौंसम्म चिनियाँ कम्युनिस्ट पार्टीले आफ्नो एक बच्चा नीतिलाई कडाइका साथ कार्यान्वयन गरेको तथा महिला अधिकारको दमनले जन्म नियन्त्रण गर्न बाध्य दम्पतीले अब तीनवटासम्म सन्तान जन्माउन पाउने भएका छन् तर विवाहित जोडी नयाँ सुविधा र प्रोत्साहन भत्ताप्रति खासै आकर्षित भएका छैनन्। एक महिला उक्त सुविधाबाट वञ्चित छन्।

चिनियाँ महिलाहरूको बढ्दो शैक्षिक र आर्थिक विकासका कारण उनीहरूको विवाह गर्ने प्रवृत्ति पनि पुरुषको तुलनामा कम छ। गत वर्ष बेइजिङले नयाँ जनसङ्ख्या र परिवार योजना कानून जारी गऱ्यो, जसले चिनियाँ दम्पतीहरूलाई तीनवटा बच्चा जन्माउन अनुमति दिए पनि भरणपोषणलगायत अभिभावकीय जिम्मेवारी वहनका निम्ति बढ्दो लागतका कारण थप बच्चा जन्माउने चाहना उनीहरूमा नरहेको बताइएको छ। रासस

## चिनियाँ र भारतीय विदेशमन्त्री भेटवार्ता

बाली, २४ असार/सिन्ह्वा

चिनियाँ विदेशमन्त्री वाङ यी र भारतीय विदेशमन्त्री सुब्रमणयम् जयशङ्करबीच इन्डोनेशियाको पर्यटकीय शहर बालीमा भेटवार्ता भएको छ। उनीहरू जी–२० को सम्मेलनमा सहभागी हुन इन्डोनेशियाको बाली पुगेका छन्। त्यस क्रममा उनीहरूका बीचमा बालीमा भेटवार्ता भएको हो।

त्यस भेटका क्रममा विशेषगरी हालैका दिनमा युक्रेनमा विकसित भएको परिस्थितिका बारेमा कुराकानी भएको बताइएको छ। त्यस भेटका क्रममा चिनियाँ विदेशमन्त्री यीले अहिलेको अवस्थामा युक्रेनमा युद्ध गर्ने र शीतयुद्धको जस्तो अवस्था निम्त्याउनेभन्दा पनि यहाँ दुवैतर्फबाट वार्ताको प्रक्रिया अगाडि बढाउनुपर्नेमा जोड दिएको बताइएको छ।


तस्वीरः सिन्ह्वा

रूसले युक्रेनमाथि हमला जारी राखेको छ। गत महीनादेखिको यो युद्धका कारण रूस र युक्रेन दुवैलाई राम्रो नगरेको भन्दै यी दुई देशले आक्रमणलाई नभएर वार्ताको प्रक्रिया थाल्नुपर्नेमा चिनियाँ विदेशमन्त्रीले जोड दिएका थिए।

सो भेटका क्रममा चिनियाँ विदेशमन्त्री यीले युक्रेन र रूसको पछिल्लो तनावको अवस्थालाई कम गरी आपसी सहयोग र समन्वयबाट विश्व समुदायले नै यी दुई देशलाई वार्ताका लागि तयार गर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका थिए। रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – शत्रुपराजय |
| मिथुन – सुसमाचार | कर्कट – भयचिन्ता |
| सिंह – राज्यलाभ | कन्या – अतिथिआगमन |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – राज्यलाभ | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं,
सभ्यताको परिचय दिऔं।

वीरगंज महानगरपालिका कार्यालय

### वर्तमानमा ...

लोकरीति अर्थात् विभिन्न पारिवारिक, जातीय, सामाजिक, सांस्कृतिक उत्सवहरूमा प्रचलित लोकपरम्परालाई भावी सन्ततिका लागि पनि आवश्यक छ भन्ने कुराको बोध गराउन साहित्यिक पत्रकारिता आवश्यक छ।

कुनै पनि देश कति समृद्ध छ भन्ने कुरालाई आर्थिक कोणबाट विश्लेषण गरिन्छ र जुन देश आर्थिक क्षेत्रमा जति धेरै प्रगति गर्दछ, त्यसले आफूलाई बौद्धिक क्षेत्रमा पनि श्रेष्ठ प्रमाणित गर्ने प्रयास गर्दछ। यही बौद्धिक खुराक नै साहित्य हो। अर्थात् बौद्धिकरूपमा श्रेष्ठ बनाउने खुराक दिने लोकपरम्परागत साहित्य र संस्कृतिका साथै आधुनिक साहित्य पनि समाजको समृद्धिको परिचायक बन्दछ। एकातिर समाजको परम्परागत उत्खनन र अर्कोतिर वर्तमानको जगमा बौद्धिक उच्चताको महल बनाउने काम साहित्यिक पत्रकारिताले नै गर्न सक्छ। जसरी सामान्य अवस्थामा कसैको भाषागत अभिव्यक्ति उसको बौद्धिक वा प्राज्ञिक मापक बन्दछ, त्यसरी नै समाजको सभ्यताको मापक कतिपय सन्दर्भमा साहित्यिक उन्नयन पनि हो। साहित्यिक उन्नयनको भौतिक प्रदर्शन नै साहित्यिक पत्रकारिता हो। यस अर्थमा वर्तमान परिवेशमा साहित्यिक पत्रकारिता औचित्यपूर्ण छ। साहित्यिक पत्रकारिताको महत्त्व दृश्यभन्दा अप्रत्यक्ष अझ बढी रहेको देखिन्छ। अहिले आधुनिकताले समाजलाई अगाडि धकेलिरहेको परिवेशमा एउटा भव्य भवनको अन्तर्यमा के कस्तो छडको प्रयोग भएको छ र बाह्य कला कस्तो छ? यी दुई फरक सन्दर्भ हुन्। रङरोगन मात्र आकर्षक र कलात्मक भएर हुन्न, सामग्री पनि बलियो हुनुपर्छ, डिजाइन पनि उपयुक्त हुनुपर्छ, सबैमा आफ्नोपन झल्किनुपर्छ। मौलिक पनि हुनु आवश्यक हुन्छ। यसरी नै सामान्यरूपमा हेर्दा जीवन र समाजमा साहित्य बाह्य कला हुन सक्छ तर अन्तर्यमा गहिरिने हो भने उच्च बौद्धिक वा प्राज्ञिक मेरुदण्ड हो अर्थात् घरको जग हो र जगभित्र पनि छड हो। जग अड्याउने आधार हो। सबै तर्कको मूल तर्क हो बौद्धिकता।

साहित्यिक पत्रकारितालाई कतिपयले अग्रपत्रकारिता पनि भन्ने गरेका छन्। साहित्यिक पत्रकारिताले जुन बाटो अपनाउँछ, त्यसलाई आमसञ्चारले निकै समयपछि पछ्याएको हुन्छ रे। यसले यो पनि सङ्केत गर्दछ कि समाजलाई दिशानिर्देश गर्ने कलामा साहित्यिक पत्रकारिताले अग्रणी भूमिका निर्वाह गरेको हुन्छ।

सबै कोण र प्रतिकोणबाट वर्तमान परिवेशमा साहित्यिक पत्रकारिता महत्त्वपूर्ण छ। यसको विस्तार र विकासमा मुख्यतः बुद्धिजीवीहरूमा पनि उच्च बौद्धिक वर्ग संलग्न हुन्छन् र हुनुपर्छ पनि। आफैंमा औचित्यपूर्ण हुनुको पर्याय रहने साहित्यिक पत्रकारिता यथार्थमा शिक्षितहरूमा पनि शिक्षितहरूको पत्रकारिता हुने भएकोले सभ्य समाजलाई अझ सभ्य बनाउन यो पत्रकारिता औचित्यपूर्ण छ।

मित्रनगर, गरुडा नगरपालिका–४, रौतहट

(लेखक नेपाल साहित्यिक पत्रकार सङ्घका केन्द्रीय सदस्य तथा मधेस प्रदेशका अध्यक्ष हुन्।)

### देवराज ...

प्रणाली बिस्तारै नहरको विकासक्रमले कृषि कार्य सहज हुँदै गयो। यद्यपि पछिल्लो अवस्थालाई दृष्टिगत गर्ने हो भने झन्डै दुई/तीन दशकदेखि नहरको भरोसामा खेतीपाती गर्नु असम्भव प्रायः छ।

यसको अलावा वैकल्पिक सिंचाइ आयोजना अन्तर्गत स्यालो ट्युबवेल र डीप बोरिङ आदिको परिकल्पना पनि प्रगति उन्मुख छैन। उहिले सिंचाइ मात्र होइन, संसार नै देवराज इन्द्र अर्थात् प्राकृतिक जलस्रोतमा निर्भर थियो, छ र रहनेछ। तर आजको परिवेशमा सरकारले प्रत्येक खेतबारीमा सिंचाइ सुविधा नपुऱ्याएसम्म न कृषिप्रति उत्साह बढ्छ, न हामी खाद्यान्नमा आत्मनिर्भर हुन सक्छौं भन्ने कुरा बताएपछि अघिदेखि हाँसिरहेका केटाकेटीहरू भावविह्वल भए।

### ३५ दिने सार्वजनिक सूचना

भूमिसुधार तथा मालपोत कार्यालय, बारा, कलैयाबाट प्रकाशित हकदाबीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना मोहन ठाकुरको नाति/नातिनी/बुहारी रघुनाथ ठाकुर हजामको छोरा/छोरी/श्रीमती बारा जिल्ला पचरौता नपा वडा नं १ बस्ने वर्ष...को केदार ठाकुर हजामसमेत तपसिलमा उल्लिखित जग्गामा/घरजग्गामा मेरा बुबा/ससुरा नाताको रघुनाथ ठाकुर हजामको नामको साबिक दर्ता लगत भिडाइ रघुनाथ ठाकुर हजारका नामबाट मेरो नाममा ना.सा./दा.खा./दर्ता गरी पाउँ भनी द.नं. ३३९२० मिति २०७९/३/२१ को निवेदनबाट मागदाबी गरेकाले मागबमोजिम निवेदकका नाममा ना.सा./दा.खा./दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको नोक्सानी हुने भए ठोस सबुत प्रमाणसहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्यादबाहेक ३५ दिने यस कार्यालयमा सप्रमाण दाबी उजूर गर्न आउनुहोला। सूचना गर्नुहोला। अन्यथा कानूनबमोजिम भई जाने बेहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

| निवेदकले मागदाबी गरेको छोटो विवरण | | | | | सूचना उपर कसैको दाबी विरोध भए कारबाही अगाडि बढ्ने छोटो विवरण |
|---|---|---|---|---|---|
| जिल्ला | गाविस | वडा नं. | कि.नं. | ज.वि. | ज.ध. संरक्षक |
| बारा | पिपरपाती प. | ५ | १०३ | ०–२–१८ | यसमा यी दाबी कित्ताहरूको श्रेस्ता फेला नपरेको हुँदा निवेदकको माग बमोजिम रघुनाथ ठाकुर हजामका नाममा श्रेस्ता कायम गरी निवेदकहरूको नाममा नामसारी हुनु नपर्ने कुनै कारण भए कसैका हकदाबी भए उजूर दायर भई म्यादभित्र आउनुहोला। अन्यथा नियमानुसार भइजानेछ। |
| " | " | ६ | २३७ | ०–३–१० | |
| " | " | ९ | २०४ | ०–८–५ | |
| " | " | ८ | १३६ | ०–१८–१८ | |
| " | " | ४ | १९५ | ०–०–९ | |
| " | " | ६ | ८९ | ०–२–१० | |
| " | " | ९ | १७५ | ०–२–० | |

अन्य कुनै बेहोराले (जस्तैः मि.नं. भिडेको, फेला नपरेको दोहोर दाबी, फिल्डबूक तथा लागतमा नाम घरलगायतका) विवरण फरक परेको खुलाउनुपर्ने भए खुलाउने।

# प्याजको बोराबाट १० लाखसहित भारतीय पक्राउ

प्रस, परवानीपुर, २४ असार/

भारतबाट प्याजको बोरामा स्रोत नखुलेको नेरु १० लाखसहित एकजना भारतीय नागरिक पक्राउ परेका छन्। पक्राउ पर्नेमा भारतको मोहमद शाहीद मार्ग मुम्बई सेन्ट्रल महाराष्ट्र बस्ने वर्ष २६ का मोहम्द कमरे आलम रहेका छन्।

रौतहटको ईशनाथ नगरपालिका-६ चमना टोलनजीक आलम सवार भारतबाट नेपालतर्फ आउँदै गरेको बिआर०५यू५१६५ नम्बरको मोटरसाइकलबाट प्याजको बोरा चेकजाँचको क्रममा स्रोत नखुलेको रकम बरामद भएको सशस्त्र प्रहरी बल नेपाल, रौतहटले जनाएको छ।

बिओपी रामपुरखाप रौतहटबाट खटेको टोलीले उक्त रकम बरामद गरेको थियो।

आलमको साथबाट भारु १२ हजार पनि बरामद भएको छ। सशस्त्र प्रहरी बल, रौतहटका प्रहरी उपरीक्षक ध्रुव कार्कीका अनुसार पक्राउ परेका मोहम्मदविरुद्ध बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ विरुद्धको कसूरमा अनुसन्धान अगाडि बढाइएको छ।



तस्वीरः सौजन्य

# खेलकूदको संसार

## विश्व खेलकूद अमेरिकाको बर्मिङ्घममा शुरू

वाशिङ्टन, २४ असार/सिन्ह्वा

विश्वव्यापी कोभिड-१९ महामारीका कारण एक वर्षको ढिलाइपछि बिहीवार संयुक्त राज्य अमेरिकाको बर्मिङ्घममा ११औं विश्व खेलकूद शुरू भएको छ।

एक सयभन्दा बढी देश र यस क्षेत्रका ३,६०० खेलाडीहरूले जुलाई ७ देखि १७ सम्म विभिन्न ३४ खेल प्रतियोगितामा सहभागिता जनाउनेछन्।

जम्मा २२३ पदका लागि ती खेलाडीहरूले प्रतिस्पर्धा गर्ने छन्, जसमा एयर स्पोर्ट्स, वाटरस्की र वेकबोर्ड, उसु, फ्लाइङ डिस्क, फ्ल्याग फूटबललगायतका खेलहरू समावेश गरिएको छ।

अन्तर्राष्ट्रिय विश्व खेल सङ्घद्वारा आयोजित र अन्तर्राष्ट्रिय ओलम्पिक समितिद्वारा समर्थित यो विश्व खेलकूद ११ दिनसम्म जारी रहने अन्तर्राष्ट्रियस्तरको एक बहुखेल प्रतियोगिता हो।

यो प्रतियोगिता ग्रीष्मकालीन ओलम्पिक खेलहरूपछि सान्ता क्लारामा पहिलो संस्करणबाट सन् १९८१ देखि आयोजना हुँदै आएको छ। रासस

# सिम्रौनगढमा नवनिर्वाचित पदाधिकारीहरूको सम्मान

प्रस, सिम्रौनगढ, २४ असार/

नवनिर्वाचित नगर कार्यसमितिको सम्मान तथा शुभकामना कार्यक्रम शुक्रवार बाराको सिम्रौनगढ नगरपालिकाको सभाकक्षमा सम्पन्न भएको छ।

नागरिक समाज सिम्रौनगढको आयोजनामा भएको सम्मान कार्यक्रममा प्रमुख अतिथि नागरिक समाज, बाराका अध्यक्ष जयमङ्गल ठाकुरको एवं नागरिक समाज, सिम्रौनगढका अध्यक्ष अरविन्द कुशवाहाको अध्यक्षतामा भएको थियो।

सो अवसरमा नगरप्रमुख किशोरीप्रसाद कलवारले नगरपालिकाको विकासमा नागरिक समाजको अहम् भूमिका हुने बताए। जहाँको नागरिक जागरूक छन्, त्यहाँ विकास सम्भव छ। जनताको लागि हुने विकासमा स्वयम् जनताले अनुगमन गर्नु जरुरी रहेको उनले बताए। शिक्षाको क्षेत्रमा आजसम्म विद्यालय व्यवस्थापन समितिको गठन भएको छैन। यहाँ पाँचवटा माध्यमिक विद्यालय छन्, जहाँ शिक्षक ४० जना हुनुपर्नेमा नौजना मात्र छन्। विद्यालय भवन छैन, नगर शिक्षक बहाली त भएको छ तर तलब दिन पैसा छैन कसरी गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिन्छ। असल काम गर्न सबैभन्दा पहिले आफू असल हुनुपर्छ, उनले जिकिर गरे।

कार्यक्रममा वडाध्यक्षहरूले आआफ्नो वडामा आफूले राखेको विकासका लक्ष्यबारे विचार व्यक्त गरे। कार्यक्रममा वडा नं २ का अरविन्द मुखिया, वडा नं ६ का नन्दकिशोर जयसवाल, ७ का विवेक मेहता, ८ का रामदिनेशप्रसाद यादव, ९ का रामएकबालप्रसाद यादव, १० का राजकुमार यादव, कार्यपालिका सदस्य आशिर्वाद ठाकुर, मीरा संन्यासी, शिक्षक


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भाग कुलो बनाइ पानीको उचित निकास दिऔं।
- जमीन चिरा परेको देखिएमा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिका जमीन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भूक्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कालिकामाई गापाको गाउँसभा स्थगित

प्रस, पोखरिया, २४ असार/

कालिकामाई गाउँपालिकाको ८औं गाउँसभा स्थगित भएको छ।

गाउँपालिकाको गणपूरक सङ्ख्या नपुगेकोमा गाउँसभा स्थगित भएको हो। कुल गाउँसभामा २९ जना सदस्य रहेकामा १४ जना मात्र सदस्य पुगेकाले स्थगित भएको गाउँपालिका अध्यक्ष वशिष्ठकुमार गुप्ताले बताए। गाउँपालिकामा उपाध्यक्षसहित १५ जना सदस्यलाई विकास बजेट रु ३० लाख मात्र बजेट सञ्चालन गर्न दिएको भन्दै विरोध भएको छ।

आज अनौपचारिकरूपमा गाउँसभा गरी पालिकाका कर्मचारीहरूलाई सम्मान गरी कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा वशिष्ठकुमार गुप्ताले चित्त नबुझेका जनप्रतिनिधिहरूलाई बसेर छलफल गर्न आग्रह गरेका थिए। अध्यक्ष गुप्ताले आफूले गाउँपालिकालाई नमूना प्राविधिक गाउँपालिका बनाउन खोजेको तर केही जनप्रतिनिधिहरूले भागबन्डा खोजेको र बजेट हिनामिना गरी रकम खान खोजेको आरोप लगाए। आफ्नो लक्ष्य कृषि, स्वास्थ्य र शिक्षामा सुधार गर्नुपर्ने बताए। गुप्ताले फेरि अर्को बैठक बस्न पत्र पठाउने तर त्यसपछि पनि नआएमा नियमानुसार गाउँसभा सम्पन्न गर्ने जिकिर गरे।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अमित गिरीले जनताको पक्षमा काम गर्न सम्पूर्ण कर्मचारीलाई निर्देशन दिए। उनले कर्मचारीलाई काम गर्न सहज वातावरण बनाइदिन जनप्रतिनिधिहरूलाई आग्रह गरे।

कार्यक्रममा वडा नं १, ३ र ५ का अध्यक्ष लालबाबू चौरसिया, सञ्जय पटेल, जयनारायण पटेल, वडासदस्य तथा कर्मचारीहरूको सहभागिता थियो। कार्यक्रमको सञ्चालन विक्रम चौरसियाले गरेका थिए।




तस्वीरः प्रतीक

### अधिकारीद्वय रौतहट ...

प्रकाशित छन्।

बज्जिका सङ्गम सम्मान प्राप्त गरेपछि अनुसन्धानकर्मी गिरिजा अधिकारीले बज्जिका भाषा र साहित्यको विकासमा आफूले थप सहयोग गर्न तयार रहेको बताउँदै एउटा ठोस कार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रममा गरुडा नगरपालिकाकी उपप्रमुख पूनमकुमारी चौधरी, बज्जिका भाषा विकास परिषद् नेपालका अध्यक्ष शिवचन्द्रप्रसाद साह, साहित्यकार रामचन्द्र महतो कुशवाहा, नेपाल पत्रकार महासङ्घ, रौतहटका सचिव मदन ठाकुर, सर्लाहीका साहित्यकार मनमोहन सिंह मनोहर, राजेन्द्र ठाकुर, नवसर्जक चौतारी नेपाल मधेस प्रदेश अध्यक्ष रूवि गुप्ता, बिन्दा साहनीलगायतले मन्तव्य गर्दै बज्जिका भाषा र साहित्यको क्षेत्रमा आफूले सकेको योगदान दिने बताएका थिए।

सर्लाही, रौतहट, बारा, पर्सा र मकवानपुरका बज्जिका भाषासेवी तथा साहित्यकारको सहभागिता रहेको कार्यक्रमको अध्यक्ष बज्जिका साहित्य सङ्गम, रौतहटका अध्यक्ष किशुनदयाल श्रीकृष्ण र सञ्चालन सञ्जय साह मित्रले गरेका थिए।

### ठोरीमा भुक्तानी....

निर्वाचनपश्चात् ह्वात्तै घटेको हो।

छिटफुटबाहेक स्थानीय तह निर्वाचनअगावै सबै योजनाको रकम भुक्तानी भइसकेकाले यो वर्ष असार मसान्तमा भुक्तानीको दबाब नभएको ठोरी गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठले जानकारी दिए। अघिल्ला वर्षहरूमा असार मसान्तको मध्यरातसम्म भुक्तानी हुने गरेको थियो। तर यस वर्ष आर्थिक वर्ष २०७७/७८ को भुक्तानी हुन बाँकी रकम र आर्थिक वर्ष २०७८/७९ मा विनियोजन भएका योजनाहरू सबैजसो सम्पन्न भएर पनि भुक्तानी भइसकेका छन्। केही साना टुक्रे योजनाको भुक्तानी लिन बाँकी सेवाग्राहीलाई पनि गापा अधिकृत श्रेष्ठले फोन गरेर नै भुक्तानी लिन बोलाउने गरेका छन्। सकेसम्म काम सम्पन्न भएका साना योजनाको रकमसमेत सेवाग्राहीले भुक्तानी पाऊन् भन्नका लागि फोन गरेर नै कार्यालय बोलाएर भुक्तानी दिने गरेको अधिकृत श्रेष्ठले जानकारी दिए। छिटफुटबाहेक सबै योजनाको फरफारक गरिएको उनले बताए।

चालू आर्थिक वर्षमा ठोरी गापामा गापा र वडा स्तरीय गरी साना-ठूला करीब तीन सय योजना विनियोजन गरिएको योजना शाखाका अधिकृत अर्जुनकुमार जिसीले जानकारी दिए। अघिल्लो आर्थिक वर्षको समेत करीब चार करोडभन्दा बढी भुक्तानी दिन बाँकी रकम चालू आर्थिक वर्षमा भुक्तानी दिइएको गापा कार्यालय घ्याङ्डाँडाले जनाएको छ। यस वर्ष देशभरका स्थानीय तहको सूत्र प्रणाली असार २५ गतेपछि बन्द हुने भएकाले सो मितिपछि कुनै पनि रकम भुक्तानी गर्न नसकिने गापा कार्यालयले जनाएको छ।

### झापामा 'नाइरोबी....

छ।"

स्वास्थ्य कार्यालय झापाले भने हालसम्म जिल्लाका कुनै पनि अस्पताल तथा स्वास्थ्यचौकीमा नाइरोबीका बिरामी नआएको जनाएको छ। कार्यालयका तथ्याङ्क अधिकृत चूडामणि लुइँटेलले औषधि व्यवसायीले सो कीराबाट पीडित बनेका बिरामी आउने गरेको जानकारी दिए पनि आधिकारिक स्वास्थ्य कार्यालयमा बुझ्दा कतै पनि बिरामी फेला नपरेको बताए।

## नेप्से परिसूचक उच्च अङ्कले ओरालो




काठमाडौं, २४ असार/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक शुक्रवार पनि उच्च अङ्कले ओरालो लागेको छ। शेयर कारोबार हुने साताको अन्तिम दिन शुक्रवार नेप्से परिसूचक ३४.७० अङ्कले ओरालो लागेर एक हजार ९९२.६२ मा ओर्लेको छ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबारको मापन गर्ने सेन्सेटिभ परिसूचक ५.६० अङ्कले ओरालो लागेर ३७९.८९ मा सीमित भएको छ। कुल २१७ कम्पनीको ३० लाख ६३ हजार ४७६ कित्ता शेयर रु एक अर्ब १६ करोड ८४ लाख ५१ हजार ३९५ मूल्यमा खरीद-बिक्री भए। शुक्रवारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ४१ अर्ब ९८ करोड ४९ लाख १६ हजार बराबर रहेको छ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्य ओरालो लागेको छ। बैंकिङ १५.१५, व्यापार ६७.१, होटल तथा पर्यटन ९६.४७, विकास बैंक ९४.७८, जलविद्युत् ५९.०१, वित्त ४७.३५, निर्जीवन बीमा ८९.३६, उत्पादन १२१.७७, अन्य २८.३६, लघुवित्त ६५.५४, जीवन बीमा १९३.०७, सामूहिक लगानी कोष ०.१६ र लगानी १.४२ अङ्कले ओरालो लागे।

नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु पाँच करोड ५९ लाख ८३ हजार ५५५ बराबरको कारोबार भयो।

त्यस्तै, युनाइटेड इदी मर्दी आरबी हाइड्रोपावर रु तीन करोड ९७ लाख ६६ हजार ७८३, लाइफ इन्स्योरेन्स कर्पोरेशन रु तीन करोड ९१ लाख ३८ हजार ६८५, अरुण काबेली पावर रु तीन करोड ७९ लाख २९ हजार ६३१ र नेपाल दूरसञ्चार कम्पनी रु तीन करोड ७३ लाख ४४ हजार ९१७ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार ग्लोबल आइएमई समुन्नत स्किम एक २.८२, नबिल इक्विटी फन्ड २.४६, कुमारी बैंकको ऋणपत्र २, लक्ष्मी इक्विटी फन्ड १.९८ र गुराँस लघुवित्तका लगानीकर्ताले १.९५ प्रतिशतले कमाए।

यस्तै, हिमालयन ऊर्जा विकास कम्पनी ५.४४, बलेफी हाइड्रोपावर ४.९०, हिमाल दोलखा हाइड्रोपावर ४.७९, वेस्ट फाइनान्स कम्पनी ४.७४ र कर्णाली डेभलपमेन्ट बैंकका लगानीकर्ताले ४.६६ प्रतिशतले गुमाए।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,